# जिल्लास्तरीय
# जलवायु परिवर्तनसम्बन्धी खर्च तथा संस्थागत संरचनाको पुनरावलोकन अध्ययनको सारांश

नेपाल सरकार
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौं

# जिल्लास्तरीय
# जलवायु परिवर्तनसम्बन्धी खर्च तथा संस्थागत संरचनाको पुनरावलोकन अध्ययनको सारांश

नेपाल सरकार
**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौं
२०७४

सर्वाधिकार © २०७४
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

शैक्षिक प्रयोजनका लागि बाहेक यस हाते पुस्तिकाको कुनै पनि अंश फोटोकपी वा अन्य कुनै माध्यमबाट प्रतिलिपी बनाइ प्रयोग गर्न पाइने छैन । यस सामग्रीको प्रयोग गर्दा देहायबमोजिम साभार स्रोत उल्लेख गर्नुपर्ने छ ।

**साभार :**
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७४): जिल्लास्तरिय जलवायु परिवर्तनसम्बन्धी खर्च तथा संस्थागत संरचनाको पुनरावलोकन अध्ययनको सारांश, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाडौं, २०७४ ।

**प्रकाशक :**
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२००३०६
इमेल : ems.mofald@gmail.com

प्राविधिक सहयोग : गभर्नेन्स अफ क्लाइमेट चेन्ज फाइनान्स प्रोग्राम, यूएनडीपी
आर्थिक सहयोग: यूकेएड

GOVERNANCE OF CLIMATE CHANGE FINANCE TO BENEFIT THE POOR AND VULNERABLE IN ASIA PACIFIC www.CFADE.org

UKaid from the British people

UNDP Empowered lives Resilient nations

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२९८
email : ems.mofald@gmail.com
webpage: www.mofald.gov.np
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्याः वा. व्य. शा. २०७४/७५
च.नं: ११४

मितिः २०७४/१०/१०

# प्राक्कथन

जलवायु परिवर्तनका केही प्रारम्भिक असरहरू खासगरी जलस्रोत, कृषि, र वन वनस्पतिमा देखिन थालिसकेको सन्दर्भमा नेपाल सरकारबाट हालै गरिएको जलवायु परिवर्तनको असरसम्बन्धी सर्भेक्षणले मुलुकको धेरै स्थानमा पानीको स्रोत घटेको, मनसुन केही ढिलो सुरु हुन थालेको, खडेरी र डढेलोका घटना बढेको तथा वर्षाको समयमा कमी आएको जस्ता जलवायुजन्य समस्या बढेको देखाएको छ । यस बाहेक हिमताल फुट्ने खतरादेखि बाढीपहिरोको घटनामा वृद्धि जस्ता विषय चिन्ताको विषय बनेको छ । गत साउनमा तराईको विभिन्न भागमा आएको अकल्पनीय बाढीबाट करिब ६१ अर्ब रुपैयाँको हाराहारीमा क्षति हुनुले जलवायु परिवर्तनबाट आगामी दिनहरूमा हुन सक्ने क्षतिको संकेत गर्छ ।

स्थानीय स्तरमा समुदायको जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने थुप्रै विषयहरूमध्ये जलवायु परिवर्तनको प्रभाव टडकारो देखिँदै आएको छ । तसर्थ, सीमित स्रोतको बावजुद विकासका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय विकासका लागि तयार गरिने योजनाहरूले जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्दै र प्रभाव देखिइसकेको स्थानमा अनुकूलन गर्दै जानुपर्ने हुन्छ । यसका लागि योजना तर्जुमा गर्दा जलवायु परिवर्तनको विषयलाई केन्द्रबिन्दुमा राखेर योजना तर्जुमा गर्नु र सीमित स्रोतको प्रभावकारी उपयोग हुने गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

संघीय संरचनाबमोजिम स्थानीय विकासका योजना तर्जुमादेखि कार्यान्वयनसम्म स्थानीय सरकारहरूबाट हुने सन्दर्भमा स्थानीय विकास कार्यक्रमहरूमा जलवायु परिवर्तनको प्रभावलाई कम गर्दै विकासका लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूले तर्जुमा गर्ने विकास निर्माणका कार्यक्रमहरूले जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्नु अनिवार्य हुन्छ ।

यसै सन्दर्भमा यसअघि जिल्ला स्तरमा रहेका विभिन्न निकायका साविक जिल्ला कार्यालयहरूले कार्यान्वयन गर्दै आएका जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम तथा तिनमा भएको बजेट विनियोजन बारेको जानकारीले योजना तर्जुमा गर्दा जलवायु परिवर्तनलाई एकीकृत गर्ने दिशामा केही सहयोग पुग्ने भएकाले उदयपुर, धादिङ, स्याग्दि, बर्दिया तथा अछाम जिल्लामा अध्ययन गरिएको थियो ।

ती सबै अध्ययनको निचोड समावेश गरी तयार गरिएको यस “जिल्लास्तरीय जलवायु परिवर्तनसम्बन्धी खर्च तथा संस्थागत संरचनाको पुनरावलोकन अध्ययनको सारांश” पुस्तिकामा जलवायु परिवर्तनसम्बन्धी आधारभूत जानकारी, तथा अध्ययन गरिएका जिल्लामा भएका जलवायु

परिवर्तनसम्बन्धी खर्च, र जलवायु परिवर्तनलाई विकास योजनामा एकीकृत गर्न केही सुझावसमेत दिइएको छ। यसले स्थानीय योजनामा जलवायु परिवर्तनलाई एकीकृत गर्ने कार्यमा सहयोग पुग्नेछ।

पाँच जिल्लामा गरिएको जिल्लास्तरीय जलवायु परिवर्तनसम्बन्धी खर्च तथा संस्थागत संरचनाको पुनरावलोकन अध्ययनमा प्राविधिक र आर्थिक सहयोग पुऱ्याएकोमा यूएनडीपी तथा यूकेएड र समन्वयका लागि गभर्नेन्स अफ क्लाइमेट चेन्ज फाइनान्स प्रोग्राम, यूएनडीपीलाई धन्यवाद दिन चाहन्छु। साथै अध्ययनमा सहयोग पुऱ्याउनु हुने यस मन्त्रालयको वातावरण शाखाका कर्मचारीहरू तथा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु।

**सुरेश अधिकारी**
**सह-सचिव**

# विषय-सूची


प्राक्कथन ग

**१. पृष्ठभूमि** **१**

**२. अध्ययन विधि** **३**

**३. नतिजा तथा विश्लेषण** **४**

३.१ जलवायु बजेटको खर्च ४

३.२ जलवायु परिवर्तनसम्बन्धी नीति एवं संस्थाहरू १५

३.३ योजना तथा बजेट तर्जुमा २०

३.४ बजेट तथा कार्यक्रम स्वीकृति २३

३.५ बजेट तथा कार्यक्रम कार्यान्वयन तथा अनुगमन २३

**४. निष्कर्ष तथा सुझावहरू** **२५**

४.१ नीति तथा रणनीतिक निष्कर्ष र सुझाव २५

४.२ सुशासन तथा योजना तर्जुमा प्रक्रिया सम्बन्धी निष्कर्ष र सुझाव २८

४.३ बजेट विनियोजन, खर्च तथा फाँटवारी विषयक निष्कर्ष र सुझाव ३०

४.४ वहुविषयगत निष्कर्ष र सुझाव ३१

**सन्दर्भ सामाग्री** **३२**

# १.० पृष्ठभूमि

नेपालमा स्थानीय तहमा भएको जलवायु परिवर्तनसम्बन्धी वित्तीय व्यवस्थापनको लेखाजोखा गर्न मुलुकभित्र विद्यमान भिन्न-भिन्न हावापानी भएका भौगोलिक क्षेत्रको प्रतिनिधित्व गर्ने अछाम, बर्दिया, धादिङ, म्याग्दी तथा उदयपुर जिल्लामा पुनरावलोकन अध्ययन गरिएको थियो । यस प्रतिवेदनमा ती ५ जिल्लामा गरिएको जिल्लास्तरीय जलवायु परिवर्तनसम्बन्धी खर्च तथा संस्थागत पुनरावलोकन अध्ययनको नतिजाको सारसंक्षेप प्रस्तुत गरिएको छ । अध्ययन गरिएका जिल्लाहरूमध्ये बर्दिया जिल्ला तराई भूभागमा पर्छ र बाढीबाट मध्यम रूपमा प्रभावित छ भने अन्य चार जिल्लाहरू पहाडी क्षेत्रमा पर्छन् ।ती सबै जिल्लाहरू नापा (२०१०) द्वारा गरिएको अध्ययनअनुसार पहिरो, सुक्खा एवं खडेरीको कारणबाट "अति उच्च" तथा "उच्च" जोखिमको श्रेणीमा पर्छन् । तापक्रम र वर्षाको भिन्नताले उत्पन्न हुने हावापानीको विविधता चित्र-१ मा देखाइएको छ ।


औसत वर्षा एवं तापक्रमका आधारमा हरेक जिल्लाको स्थानीय जलवायुमा समेत विविधता रहेको हुन्छ । जिल्लाहरू भित्रै कुनै क्षेत्र ओसिलो त कुनै सुक्खा हुनसक्छ भने कुनै क्षेत्रमा औधी सुक्खा वा औधी चिसोसम्मको हावापानी हुन सक्ने हुँदा धेरै प्रकारको पर्यावरणीय प्रणालीहरू पाइन्छन् (चित्र-१) । यस्ता विविधताका कारण तापक्रम वा वर्षा वा दुवैमा हुने कुनै पनि परिवर्तनले बर्दिया जिल्लामा भन्दा अछाम वा उदयपुर जिल्लाको ठूलो भूभागमा जटिल किसिमले प्रभाव पार्न सक्छ । त्यसकारण जलवायु परिवर्तनको प्रभावले जनजीविकामा पार्ने असर बुझ्न स्थानीयस्तरको जानकारी आवश्यक हुन्छ ।

जलवायु परिवर्तनका कारण भइसकेका वा आगामी दिनमा उत्पन्न हुन सक्ने जोखिमलाई न्यून गर्न वा अनुकूलन गर्न साविक स्थानीय निकाय तथा क्षेत्रगत सरकारी निकायहरूले कसरी कार्य गरिरहेका छन् र उनीहरूले जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यून गर्ने कार्यक्रमहरूको पहिचानका साथै तदनुरूपको योजना तर्जुमा, आवश्यक वित्तीय व्यवस्था तथा योजनाको कार्यान्वयन कसरी गरिरहेका छन् भन्ने बारे एकीकृत सूचना प्राप्त गर्न सकिने अवस्था छैन । विकास बजेटको ४० प्रतिशतभन्दा बढी बजेट जिल्ला स्तरमा खर्च हुने गरेको भए तापनि हाल प्रयोगमा रहेको जलवायु परिवर्तन बजेट संकेतले जिल्ला तहको जलवायु परिवर्तन बजेट विनियोजनका बारेमा जानकारी दिँदैन । त्यस्तै निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रबाट भएको जलवायु परिवर्तनसम्बन्धी खर्चका बारेमा पनि जानकारी उपलब्ध हुन सक्ने अवस्था छैन ।

स्थानीय तहमा सरकारी बाहेक पनि अन्य धेरै संस्थाहरूले विभिन्न स्रोतबाट रकम प्राप्त गरी जलवायु परिवर्तनका प्रभावसँग अनुकूलन हुन सघाउने कार्यक्रमहरू सञ्चालन गर्छन् । स्थानीय तहमा अनुकूलनमा सघाउने कार्यक्रमका लागि प्रभावकारी रूपमा लगानी अभिवृद्धि गर्दै लैजान

[1] Climate Change Financing Policy Implementation Review: Review of 80 per cent policy commitment on climate finance, Nepal. A study conducted by Governance of Climate Change Finance to benefit the poor and vulnerable in Asia Pacific, UNDP, 2015.

**चित्र १: अध्ययन गरिएका जिल्लाको हावापानीको अवस्था (एल.आर.एम.पी. १९८६ मा आधारित)**




त्यस्ता कार्यक्रमहरू तथा तीसँग सम्बन्धित बजेट कसरी विकास योजना तथा बजेट प्रक्रियामा एकीकृत भएका छन् भन्ने कुरा थाहा पाउनु आवश्यक हुन्छ, जुन विद्यमान अवस्थामा हुन सकेको छैन ।

पाँच जिल्लामा गरिएको यस अध्ययनले स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी वित्तीय व्यवस्थापन (बजेट विनियोजन, खर्च तथा खर्चको रुझानलगायत) र संस्थागत एवं नीतिगत विषयहरूबारे एउटा आधारभूत दस्तावेज तयार गर्ने उद्देश्य लिएको छ । साथै यो अध्ययनले जलवायु परिवर्तनको प्रतिकूल प्रभावसँग अनुकूलन हुन स्थानीय स्तरका विकास योजनाहरूले के-कस्ता कार्यक्रममार्फत सम्बोधन गर्ने प्रयास गरेका छन् भन्ने कुराबारे जानकारी उपलब्ध गराउने लक्ष्य पनि लिएको छ । यसबाट प्राप्त जानकारीले स्थानीय स्तरमा जलवायु वित्तको व्यवस्थापन प्रक्रियामा सुधार ल्याउन आवश्यक जलवायु परिवर्तन वित्तीय खाका (CCFF) को तयारीमा पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।[२]

[२] सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट प्राप्त स्रोतलाई प्रभावकारी रूपमा प्रयोग गर्न सकियोस र जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव लाई सम्बोधन गर्ने निर्णय प्रक्रियामा आवश्यक तत्थ्य एवं जानकारी सहज रूपमा प्राप्त गर्न सकियोस भनेर नेपाल सरकारले राष्ट्रिय जलवायु परिवर्तन वित्तीय खाका (CCFF) तयार गर्दैछ ।

# २.0 अध्ययन विधि

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नेतृत्व तथा यूएनडीपीको सहयोगमा सम्बन्धित विज्ञहरूको टोलीद्वारा प्रस्तुत अध्ययन सम्पन्न गरिएको हो । जलवायु परिवर्तनसम्बन्धी कार्यमा संलग्न जिल्लास्तरीय संस्थाहरू, ती संस्थाका बजेट तथा खर्च विवरण, योजना तथा बजेट निर्माण प्रक्रिया, व्यवस्थापन प्रक्रियालगायत अन्य सम्बन्धित विषयबारे सहायक (secondary) स्रोतबाट[३] जानकारी लिइएको थियो भने जिल्लास्तरीय सरकारी कार्यालयका प्रमुखहरू,[४] राजनीतिक पार्टीका प्रतिनिधिहरू, स्थानीय समुदायिक संस्थाका प्रतिनिधिहरू, जिल्ला उद्योग वाणिज्य संघका पदाधिकारीहरू एवं गैरसरकारी संस्था महासंघका प्रतिनिधिहरूबाट प्राथमिक (primary) तथ्य एवं जानकारीहरू संकलन गरिएको थियो ।

यस अध्ययनले स्थानीयस्तरमा जलवायु परिवर्तनसम्बन्धी बजेट विनियोजनका लागि निर्णय गर्दा जलवायु परिवर्तन एवं अन्य क्षेत्रगत नीतिहरूले के कति मार्गदर्शन गर्ने वा प्रभाव पार्ने गरेका छन् भन्ने मूल्याङ्कन गर्नुका साथै स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी विकास कार्यहरूको पहिचान प्राथमिकीकरण गर्नुका साथै स्रोत साधनको बाँडफाँडमा जलवायु परिवर्तन एवं अन्य क्षेत्रगत नीतिहरूले के कसरी मार्गदर्शन गरेका छन् भन्ने बारेमा विश्लेषण गर्ने प्रयत्न गरेको छ ।

जिल्लास्तरीय जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू पहिल्याउन यस अध्ययनले यसअघि सन् २०११ मा गरिएको राष्ट्रिय स्तरको अध्ययन (सीपीईआईआर, २०११)ले प्रयोग गरेको तथा राष्ट्रिय योजना आयोगले सन् २०१२ मा परिमार्जित गरी लागू गरेको मापदण्डलाई नै आधारका रूपमा प्रयोग गरेको थियो । त्यसैगरी जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको प्रासङ्गिकताको स्तर पहिचान गर्न राष्ट्रिय योजना आयोगले विकास कार्यक्रमहरूमा जलवायु परिवर्तनको प्रासङ्गिकता निर्धारण गर्न सन् २०१२ मा परिभाषित गरेको मापदण्डलाई आधार मानिएको थियो । यसबाहेक यस अध्ययनमा जलवायु वित्तीय व्यवस्था र योजना तथा बजेट तर्जुमामा सम्बन्धित संस्थाहरूको प्रभावकारिताको मूल्याङ्कन पनि गरिएको छ । जलवायु परिवर्तनसम्बन्धी कार्यहरू सञ्चालन गर्दै आएका जिल्लास्थित संस्थाको प्राथमिकताबारे जानकारी लिन जलवायु सम्बन्धी सूचनाका स्रोतहरू, योजना प्रक्रिया तथा योजना तर्जुमामा ती संस्थाहरूले अनुशरण गरेका नीतिगत निर्देशनहरू, जिल्लाको वार्षिक विकास योजना तर्जुमा गर्दा प्राथमिकीकरण गर्न जलवायुसम्बन्धी चासो र चिन्तालाई समेट्न अवलम्बन गरिएका विधि र प्रक्रियाहरूका बारेमा जानकारी प्राप्त गर्न विभिन्न प्रश्नहरू पनि सोधिएका थिए । जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दै आएका संस्थाहरूको पहिचान गरिएपश्चात् जिल्लामा भएको जलवायु परिवर्तनसम्बन्धी बजेट विनियोजन एवं खर्चको विश्लेषण गर्न ती संस्थाहरूको आव २०६८।६९ देखि आव २०७२।७३ सम्म पाँच वर्षको वार्षिक योजना तथा खर्चसम्बन्धी विवरण सम्बन्धित संस्थाहरूबाट एवं कोष तथा लेखा नियन्त्रण कार्यालयबाट संकलन गरिएको थियो ।

---

[३] अध्ययन गरिएका प्रतिवेदनहरू CPEIR 2011; MoF, 2012, 2013, 2014, 2015; NPC, 2010; NPC, 2012; UNDP, 2015; LGPC, 2013 छन् । यसको अलावा बर्दिया र अछाम जिल्लामा सञ्चालनमा रहेका जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरूका बारेमा जानकारी प्राप्त गर्न NCCSP and the PPCR (Building Climate Resilience of Watersheds in Mountain Eco-Regions) वेब पेजहरू हेरिएको थियो । साथै जिविसको जिल्ला विकास योजना, प्रगति प्रतिवेदन, बजेट, तथा अन्य वित्तीय प्रतिवेदन एवं विवरणहरूको पनि पुनरावलोकन गरिएको थियो । जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय, भू-संरक्षण कार्यालय तथा नगरपालिकाहरूबाट प्रकाशित प्रतिवेदनहरू पनि पुनरावलोकन गरिएका थिए ।

[४] जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, जिल्ला खानेपानी तथा सरसफाइ सव-डिभिजन कार्यालय एवं डिभिजनल सिँचाइ कार्यालय, नगरपालिकाहरू तथा कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रतिनिधिहरूसँग छलफल गरिएको थियो ।

[५] NPC 2012 ले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम परिभाषित गर्न प्रयोग भएका मापदण्डहरूको विस्तृत विवरण देखाउँछ ।

# ३.० नतिजा तथा विश्लेषण

## ३.१ जलवायु बजेटको खर्च

तत्कालिन जिल्ला विकास समिति (जिविस), जिल्लास्तरीय क्षेत्रगत सरकारी कार्यालयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा अर्धसरकारी निकायहरूबाट आफ्नो नियमित बजेट कार्यक्रमबाटै जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा खर्च हुँदै आएको छ । अध्ययन गरिएका जिल्लाहरूमा २३ देखि ३२ वटासम्म सरकारी कार्यालयहरू, कार्यरत थिए र तीमध्ये केवल ५-६ वटा[६] कार्यालयहरूबाट मात्र जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएको देखियो। जिल्लामा भएको सबै कार्यालयहरूको जम्मा खर्चमध्ये जलवायु परिवर्तनसम्बन्धी खर्चको अंश सबैभन्दा कम उदयपुर जिल्लामा १२ प्रतिशत तथा सबैभन्दा बढी बर्दिया जिल्लामा २२ प्रतिशत रहेको थियो । बबई सिँचाइ आयोजनामा ठूलो रकम विनियोजित भई खर्च भएका कारणले गर्दा अध्ययन गरिएका जिल्लाहरूमध्ये बर्दिया जिल्लामा जलवायु परिवर्तनसम्बन्धी खर्चको अंश सबैभन्दा बढी देखियो । अछाम, धादिङ र म्याग्दीमा उक्त अंश क्रमशः १५, १३, तथा १५ प्रतिशतमात्र रहेको थियो (हेर्नुस् तालिका १) ।


**तालिका १: जिल्लाको कुल खर्चमा जलवायुसम्बन्धी खर्चको प्रतिशत**

| अध्ययन गरिएका जिल्लाहरू (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|
| अछाम | बर्दिया | धादिङ | म्याग्दी | उदयपुर |
| १५ | २२ | १३ | १५ | १२ |

जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा बजेट खर्च गर्ने संस्थामा जिविसले सबैभन्दा बढी खर्च गर्ने गरेको थियो भने अरू सरकारी निकायहरू एवं गैरसरकारी संस्था तथा अर्धसरकारी निकायहरूले आफ्नो कुल खर्चको सानो अंश मात्र जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा खर्च गर्ने गरेका थिए। उदाहरणका लागि अछाम जिल्लामा भएको कुल जलवायु परिवर्तनसम्बन्धी खर्चमा जिविसको अंश ४२ प्रतिशत रहेको थियो भने अन्य क्षेत्रगत सरकारी निकायहरूको अंश केवल २६ प्रतिशत मात्र थियो। (चित्र २) त्यस्तै, गैरसरकारी वा अर्धसरकारी संस्थाहरूले करिब ३२ प्रतिशत ओगटेको थियो, जबकि बर्दियामा जिविसले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा ४ प्रतिशत मात्र खर्च गरेको पाइयो भने क्षेत्रगत सरकारी निकायहरूले ८० प्रतिशतसम्म जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमको खर्च ओगटेका थिए । अन्य संस्थाहरूको अंश केवल १६ प्रतिशत थियो । बाँकी जिल्लाहरूको हकमा भने सम्बन्धित संस्थाहरूले लगभग समान रूपमा खर्च गरेका थिए। धादिङ, म्याग्दी र उदयपुर जिल्लामा जिविसको हिस्सा क्रमशः १५, १२ र ११ प्रतिशत थियो जबकि क्षेत्रगत निकायहरूको हिस्सा २६ देखि ३९ प्रतिशतसम्म रहेका थिए । स्थानीय तहका विकासयोजनाका कार्यहरू तर्जुमा गर्दा सम्बन्धित जिल्लास्तरीय निकायहरूले आ-आफ्नो क्षेत्रमा देखापरेका जलवायु परिवर्तनसँग सम्बन्धित विषयमा सन्तुलित ढंगबाट बजेट बाँडफाँड हुने गरेको पाइयो ।

[६] त्यस्ता कार्यालयहरूमा जिविस, जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, जिल्ला खानेपानी तथा सरसफाइ सव-डिभिजन कार्यलय एवं डिभिजनल सिँचाइ कार्यालय छन् ।

चित्र २: जलवायु परिवर्तनसम्बन्धी खर्चको जिल्लास्थित संस्थागत अंश




तालिका २ ले अध्ययन गरिएका जिल्लाहरूमा जलवायु परिवर्तनको जोखिम, नीतिगत पहल तथा जलवायु परिवर्तनसम्बन्धी संस्थागत संरचनाका विषयमा जिल्लाहरूको तुलनात्मक स्थिति देखाउँछ। तालिकामा देखाइएअनुसार पहाडी जिल्लाहरूमा मुख्य रूपमा पानीका मुहान सुक्ने, पहिरो जाने  प्राकृतिक प्रकोपको दरतथा स्तरमा वृद्धिले, भल बाढी जस्ता जलवायु परिवर्तनको प्रभावले बढेको हुन सक्ने असर सँग मिल्ने जोखिमहरू बढेको पाइयो भने तराईका जिल्ला (बर्दिया)मा भूमीगत पानीको तहगहिरिएको, धानमा किराको प्रकोपबढेको र बाढीको प्रकोपमा वृद्धि भएको देखियो। जबकि, अपर्याप्त वर्षा एवं खडेरीको स्थिति भने पहाड तथा तराई दुवै भौगोलिक क्षेत्रमा बढ्दै गएको देखिन्छ। खासगरी अछाम जिल्लामा २०७२ देखि हिँउदमा खडेरी बढ्दै गएकाले साना सिँचाइ तथा खानेपानीका कार्यक्रममा खर्च बढेको पाइयो।

जलवायु परिवर्तनसम्बन्धी सरकारका नीतिहरू या त जलवायु परिवर्तनका लागि भनेर तर्जुमा भएका "समर्पित"आयोजनाहरूमार्फत वा नियमित विकास कार्यक्रमहरूका माध्यमबाट कार्यान्वयन भएका थिए। जलवायु परिवर्तनसम्बन्धी समर्पित आयोजनाहरूमध्ये अन्तर्राष्ट्रिय सहयोगमा सञ्चालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP) अछाम र बर्दिया जिल्लामा लागू भएका थिए भने अछाम जिल्लामा अर्को त्यस्तै समर्पित आयोजना पर्वतीय जलाधारहरूको जलवायु परिवर्तन समानुकूलन आयोजना (BCRWME) कार्यान्वयन भइरहेको छ। जिल्लास्तरीय कार्यालयहरूले आफ्ना नियमित विकास कार्यक्रमहरूमा स्थानीय तहमा भएको जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई

सम्बोधन गर्न विभिन्न कार्यक्रमहरूमा खर्च गर्दै आएका थिए । यसबाहेक राष्ट्रिय स्तरका विशेष कार्यक्रमहरू पनि सञ्चालित छन् । उदाहरणका लागि राष्ट्रपति चुरे संरक्षण आयोजना (PCCP) ले बर्दिया तथा उदयपुर जिल्लामा बाढी तथा भू-क्षयलाई नियन्त्रण गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्छ भने त्यस्तै अर्को स्थानीय विकास योजनामार्फत वातावरणीय तथा जलवायु परिवर्तनसम्बन्धी समस्याहरूलाई सम्बोधन गर्ने उद्देश्यले तयार गरिएको वातावरण मैत्री स्थानीय सरकार कार्यक्रम (EFLGP) उदयपुर जिल्लामा कार्यान्वयन भइरहेको थियो, जसमा पानीको मुहान संरक्षण, वृक्षरोपण लगायत स्रोत व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमलाई जोड दिइएको थियो । (तालिका २)

जिल्लाको योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रियाले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमलाई समावेश गरेको भए तापनि त्यस्ता कार्यबारे निर्णय गर्दा जलवायु परिवर्तनसम्बन्धी नीतिले मार्गदर्शन गरेको देखिएन । जलवायु परिवर्तनसम्बन्धी समर्पित कार्यक्रमहरू तथा राष्ट्रियस्तरका कार्यक्रमहरू केन्द्रीय निकायहरूद्वारा तयार गरिएका कार्यक्रम थिए भने स्थानीयस्तरको योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमलाई मूलधारमा ल्याउन बर्दिया र अछामका निश्चित गाविसहरूमा स्थानीय अनुकूलन कार्ययोजनाहरू लागू गरिएका थिए, तर ती कार्यक्रमहरू स्थानीय योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तनका चासोहरूलाई समावेश गर्ने कार्यमा सफल भएको देखिएन । ती कार्यक्रमहरू छुट्टै परियोजनाका रूपमा कार्यान्वयन भएका देखिए ।

जिल्लामा मूलतः जिविस तथा छ वटा विषयगत सरकारी कार्यालयहरू जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम कार्यान्वयनमा संलग्न रहेका देखिए । गाविस तथा नगरपालिकाहरूद्वारा कार्यान्वयन गरिएका जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू छरिएका थिए । फलतः जिल्लास्तरीय जलवायु परिवर्तनसम्बन्धित एकीकृत जानकारी प्राप्त गर्न सकिने अवस्था थिएन । गैरसरकारी संस्थाको उपस्थिति सबै जिल्लामा उल्लेखनिय रहेको छ । तीमध्ये धेरै जसो गैर सरकारी संस्थाहरूले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू सञ्चालनसमेत गरेका छन् । समग्रमा हेर्दा गैर सरकारी संस्थाहरू जिल्लाको तात्कालिक चासोका विषयमा बढी केन्द्रित हुने गरेको देखिन्छ । धादिङका गैरसरकारी संस्थाहरू खासगरी भूकम्पपछिको पुनःनिर्माणमा केन्द्रित रहेका पाइयो भने बर्दियाका गैरसरकारी संस्थाहरू बधुवा मजदुरसँग सम्बन्धित सामाजिक मुद्दामा बढी केन्द्रित छन् । तसर्थ, बर्दियामा न्यून संख्यामा मात्र गैरसरकारी संस्थाहरू जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा संलग्न छन् ।

अध्ययन गरिएका जिल्लाहरूका जलवायु परिवर्तनसम्बन्धी खर्च गर्ने निकायहरू[७] तथा ती निकायहरूको बजेटसम्बन्धी विवरण प्राप्त हुने स्रोत तालिका ३ मा दिइएको छ । विषयगत सरकारी कार्यालयहरू जिल्लामा नै अवस्थित रहेर कार्य गर्दथे भने जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय (जउप्रनिका) जिल्ला बाहिर रहेको क्षेत्रीय वा उपक्षेत्रीय केन्द्रमा रहेर जिल्लामा कार्य गर्ने गर्दथ्यो । यस्तै बर्दियामा जिल्ला भू-संरक्षण कार्यालयको उपस्थिति थिएन । छिमेकी जिल्ला कैलालीमा रहेको भू-संरक्षण कार्यालयले बर्दियामा भू-संरक्षणसम्बन्धी परियोजनाहरू कार्यान्वयन गर्दथ्यो ।

[७] आर्थिक वर्ष २०७२।७३ देखि जिल्लामा सिँचाइ कार्यालय थापना भएपछि जिल्लास्थित विषयगत सरकारी कार्यालयहरूको संख्या बढेको थियो । आर्थिक वर्ष २०७२।७३ भन्दा पहिले जिल्लाको सिँचाइ कार्य डिभिजनल कार्यालयहरूले हेर्ने गर्दथे ।

**तालिका २: जलवायु परिवर्तनको जोखिम, नीतिगत प्रयास तथा संस्थागत संरचनाका विषयमा अध्ययन गरिएका जिल्लाहरूको तुलनात्मक स्थिति**

| क्र.स. | जिल्ला | जलवायु परिवर्तन तथा जलवायु प्रकोपका जोखिम | जलवायु प्रकोप अनुकूलनसम्बन्धी हुँदै आएका प्रयासहरू | संलग्न तत्कालिन संस्थाहरू |
|---|---|---|---|---|
| १ | अछाम | ताल तथा खोला सुक्नु, नदीमा पानीको वहाव घट्नु, २०७२ देखि अपर्याप्त वर्षा हुनु, हिउँदमा खडेरी बढ्नु | समर्पित आयोजनाहरूले साना सिँचाइ, खानेपानी आपूर्ति तथा जलाधार संरक्षणमा सहयोग पुऱ्याएका छन् । | छ वटा विषयगत कार्यालयहरूका साथै जिविसहरूबाट जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका थिए । गैरसरकारी संस्थाहरूबाट पनि त्यस्ता कार्यक्रमहरू सञ्चालन भएका थिए । |
| ३ | बर्दिया | धानबालीमा फट्याङ्ग्राको प्रकोप बढ्नु, लामो समय सम्म खडेरी पर्नु, भूमिगत पानीको सतह गहिरिनु, खहरे-बाढीका घटना बढ्नु | सरकारी कार्यालयहरू, राष्ट्रपति चुरे संरक्षण आयोजना एवं NCCSP जस्ता कार्यक्रमहरूले रोग कीरा नियन्त्रण, बाढी नियन्त्रण तथा सिंचाइ जस्ता अनुकूलन कार्यका लागि सहयोग पुऱ्याएका छन् । | जलवायु परिवर्तनसम्बन्धी कार्यहरूमा स्थानीय निकायभन्दा विषयगत कार्यालयहरूको भूमिका प्रवल देखियो । गैससहरू जलवायु परिवर्तनसम्बन्धी कार्यभन्दा सामाजिक कार्यमा बढी संलग्न छन् । |
| ३ | धादिङ | पानीका मूलहरू सुक्नु, पहिरोका घटनाहरू बढ्नु, चरन तथा खर्कहरू सुक्दै जानु । | जिविस तथा गाविस, जिल्ला भू-संरक्षण कार्यालय जिल्ला वन कार्यालय, र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट जलवायु परिवर्तनसम्बन्धी विषयहरूलाई सम्बोधन गरिएको थियो । | भूकम्प पछिको पुनर्उद्धार तथा पुनः निर्माणका साथै नदिको पानी लिफ्टगरी गाउँमा पानी पुऱ्याउने कार्यलाई प्राथमिकता दिइएको छ । स्थानीय निकाय र सरकारी कार्यालयका साथै केही गैससहरू जलवायु परिवर्तनसम्बन्धी कार्यमा संलग्न थिए । |
| ४ | म्याग्दी | परम्परागत पानीका स्रोत (ताल, मूल) एवं खोलाहरू सुक्नु, पहिरोका घटनाहरू बढ्दै जानु, झुसिलकीराको प्रकोप बढ्नु । | जिल्ला वन कार्यालयबाट २१ गाविसमा स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको थियो र जिल्ला भू-संरक्षण कार्यालयकाट पहिरो स्थिरिकरणको कार्य गरिएका थिए । | छ वटा विषयगत कार्यालयहरू तथा स्थानीय निकायहरू जलवायु परिवर्तनसम्बन्धी कार्यमा संलग्न थिए । गैसकाको पनि यस्ता कार्यमा प्रभावकारी संलग्नता छ । |
| ५ | उदयपुर | पहाडी क्षेत्रमा पानीका मुहान सुक्दै जानु, चुरे क्षेत्रमा भल बाढीको घटना बढ्नु । | राष्ट्रपति चुरे संरक्षण आयोजना तथा वातावरण मैत्री स्थानीय सरकार कार्यक्रमहरूबाट बाढी नियन्त्रण, सिँचाइ तथा खानेपानी आपूर्तिमा सहयोग पुऱ्याइएको थियो । | छ वटा विषयगत कार्यालयहरू तथा स्थानीय निकायहरू जलवायु परिवर्तनसम्बन्धी कार्यमा संलग्न थिए । गैसकाको पनि प्रभावकारी संलग्नता छ । |


**तालिका ३: जलवायु परिवर्तनसम्बन्धी विकास कार्यमा खर्च गर्ने तत्कालिन कार्यालय तथा निकायहरू**

| खर्च गर्ने केन्द्र/निकायहरू | | निकाय/कार्यालयहरू | बजेट/खर्चसम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|
| स्थानीय निकायहरू | | जिविस, नगरपालिका तथा गाविस । | जिविस तथा आंशिक रूपमा कोष तथा लेखा नियन्त्रण कार्यालय । |
| विषयगत सरकारी कार्यालयहरू | जिल्लामा रहेका | जिकृविका, जिभूसका, सिंचाइ कार्यालय, खानेपानी कार्यालय, सडक कार्यालय । | जिल्लाको कोष तथा लेखा नियन्त्रण कार्यालय । |
| | जिल्ला बाहिर रहेका | जउप्रनिका, जि.भू.सं.कार्यालय, कैलाली (बर्दियाकोलागि) । | जिविसमा बजेट र कार्यक्रम सम्बन्धी जानकारी मात्र पाइए पनि खर्चको जानकारी उपलव्धथिएन । |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससंस्थाहरू | | जिल्लामा रहेका गैससं मध्येकरिब एक तिहाइ गै.स.सं.हरू । | जिविसमा बजेटसम्बन्धी जानकारी मात्र पाइए पनि खर्चको विवरण पाइँदैन थियो । |
| अर्धसरकारी निकायहरू | | नेपाल विद्युत् प्राधिकरण, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र । | जिविसमा बजेटसम्बन्धी जानकारी मात्र पाइन्थ्यो । खर्चको विवरण पाइँदैन थियो । |

जिल्लामा हुने कुल बजेट रकममा जिल्लास्थित कार्यालयहरूको अंश के कति रहेको छ भन्ने मोटामोटी आंकडा चित्र ३ मा दिइएको छ, जसअनुसार जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने स्थानीय निकाय, सरकारी कार्यालयहरू तथा गैरसरकारी संस्थाले जिल्लाको कुल बजेटको औसत ४५ प्रतिशत बजेट हिस्सा ओगटेका थिए भने जलवायु परिवर्तनसँग सम्बन्ध नभएका कार्यालयहरूले ५५ प्रतिशत बजेट कार्यान्वयन गर्दथे । जिविसले जिल्लाको कुल बजेटको १९ प्रतिशत बजेट सञ्चालन गरेको देखियो, जबकि, अन्य विषयगत कार्यालयहरूले जिल्लाको कुल बजेटको १३ प्रतिशत बजेट सञ्चालन गरेको देखियो । जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालयले १ प्रतिशत तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैससंले ११ प्रतिशत बजेट कार्यान्वयन गरेको देखियो । यसले के देखाउँछ भने जिल्लामा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम भएका धेरै कार्यालयहरू थिए, जसले आफ्नो कार्यालयको साविक कार्यक्रमबाटै जलवायु परिवर्तन अनुकूलनलाई सघाउ पुर्‍याउँदै आएका थिए । ती संस्थाहरूको अनुभवले नेपाल जस्तो विविध भौगोलिक क्षेत्रमा बेहोर्नु पर्ने जलवायुसम्बन्धी समस्यालाई सम्बोधन गर्ने सन्दर्भमा बहु-विषयक प्रक्रिया अवलम्बन गर्न सघाएको देखिन्छ । तथापि जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यून गर्ने प्रयत्न एकीकृत रूपमा गर्नुपर्छ भन्ने कुराको प्रष्ट आवश्यकता बोध नहुनाले ती संस्थाहरूले अलग-अलग रूपमा आ-आफ्नो तरिकाले कार्य गरिरहेका थिए । यसर्थ, जिल्लाभित्र आ-आफ्नो क्षेत्रमा पर्ने जलवायु परिवर्तनको प्रभावलाई कार्यान्वयन गरिने विकास निर्माणका योजनामार्फत सम्बोधन गर्ने कार्यमा स्थानीय सरकारको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ भने जिल्लामा ती कार्यक्रमहरूबीच हुनुपर्ने समन्वयका लागि नेतृत्व प्रदान गर्ने कार्यमा जिल्ला समन्वय समितिको भूमिका प्रमुख हुन आउँछ ।

तालिका ४ मा विभिन्न कार्यालयहरूको कुल खर्चमा ती कार्यालयहरूले जलवायु परिवर्तनसम्बन्धी कार्यमा गरेको ५ वर्ष (आव २०६८/६९ देखि २०७२/७३ सम्म) को औसत खर्चको प्रतिशत

**चित्र ३: जिल्लाको कुल बजेटमा खर्च गर्ने निकायहरूको औसत अंश**




देखाइएको छ जसअनुसार जिल्ला विकास समितिले आफ्नो कुल बजेटको ७.३ प्रतिशतदेखि २३.८ प्रतिशतसम्म जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा खर्च गरेको देखियो । त्यस्तो खर्च उदयपुर जिल्लामा सबैभन्दा कम (७.३ प्रतिशत) थियो भने अछाम जिल्लामा सबैभन्दा बढी २३.८ प्रतिशतसम्म थियो । अछाम र बर्दिया जिल्लामा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमजस्ता समर्पित कार्यक्रम जिविसमार्फत सञ्चालन भएको हुँदा ती जिल्लाहरूमा जिविसको कुल खर्चमा जलवायु परिवर्तनसम्बन्धी खर्चको अंश बढी देखिएको हो । यसको अलावा अछाम जिल्लामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट ठूलो मात्रामा सहयोग प्राप्त हुनुका साथै पर्वतीय जलाधारहरूको जलवायु परिवर्तन समानुकूलन आयोजना जस्तो समर्पित कार्यक्रम समेत कार्यान्वयन भइरहेको छ ।

जिविसले सञ्चालन गर्ने जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा सोही कार्यक्रम सञ्चालनका लागि प्राप्त हुने रकम तथा केन्द्रीय सरकारबाट प्राप्त अनुदानका रकम पर्दथे । केन्द्रीय सरकारबाट जिविसलाई प्राप्त बजेट मध्ये धादिङमा २.१ प्रतिशत रकम जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा खर्च भएको पाइयो भने अछाममा सो खर्च १०.६ प्रतिशत रहेको थियो । त्यसैगरी जिविसको कुल आन्तरिक स्रोतको ठूलो अंश (७ प्रतिशत देखि ३१ प्रतिशतसम्म) जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा खर्च हुने गरेको देखियो । धादिङ जिल्लामा केन्द्रीय सरकारबाट प्राप्त बजेटमध्ये केवल २.१ प्रतिशत मात्र जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा खर्च हुनुको मुख्य कारणमा जिविसको आन्तरिक स्रोत रहेको देखियो । धादिङ जिविसले आन्तरिक स्रोतबाट उल्लेखनीय आय प्राप्त गर्दथे र सो रकमको ठूलो भाग जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा खर्च हुने गरेको थियो । यसबाट के देखिन आउँछ भने जुन जिल्लामा आन्तरिक स्रोतबाट कम आय प्राप्त हुन्छ, त्यस्ता जिल्लामा केन्द्रीय बजेट वा समर्पित कार्यक्रमहरूको माध्यमबाट जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा बढी


बजेट विनियोजित गरिनु पर्ने अवस्था थियो ताकि आन्तरिक स्रोतबाट कम आम्दानी गर्ने स्थानीय सरकारहरूले पनि जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा पर्याप्त रकम विनियोजन गर्न सकुन् ।

अध्ययन गरिएका जिल्लाहरूमध्ये विषयगत सरकारी कार्यालयहरूले धादिङ जिल्लामा आफ्नो कुल बजेटको सबैभन्दा बढी ७२ प्रतिशतसम्म जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा खर्च गरेको देखियो भने बर्दिया जिल्लाका विषयगत कार्यालयले सबैभन्दा कम, अर्थात कुल बजेटको ५९ प्रतिशत मात्र खर्च गरेको देखियो ।

जिल्लामा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा खर्च गरिने कुल रकममध्ये विषयगत सरकारी कार्यालयहरूले झन्डै ५० प्रतिशत खर्च गर्ने गरेका थिए भने गैरसरकारी संस्थाहरूको खर्चको अंश २३ प्रतिशत थियो (चित्र-४) । त्यस्तै जिल्लाको कुल जलवायु परिवर्तनसम्बन्धी खर्चको १४ प्रतिशत खर्च मात्र तात्कालिन जिविसले खर्च गर्ने गरेको थियो । यस्मा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सञ्चालित कार्यक्रमहरू तथा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम जस्ता समर्पित कार्यक्रमहरूसमेत पर्दथे । जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयले ६ प्रतिशत र ग्रामीण विद्युतीकरण जस्ता कार्यक्रमले ७ प्रतिशत खर्च गरेको पाइयो ।

अध्ययन गरिएका सबै जिल्लामा गैरसरकारी संस्थाहरूको उपस्थिति निकै उल्लेखनिय रहेको छ । जिल्लामा रहेका गैरसरकारी संस्थाहरूमध्ये एक तिहाइ संस्थाहरूले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा बजेट विनियोजन गरेको देखियो । धादिङ तथा उदयपुर जिल्लामा गैरसरकारी संस्थाहरूले आफ्नो कुल बजेटको ४५ प्रतिशतसम्म जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमका लागि

**चित्र ४: जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तत्कालिन कार्यालयहरूको कुल जलवायु परिवर्तनसम्बन्धी खर्चमा योगदानको अंश**



विनियोजन गरेको देखियो । तर, बर्दिया जिल्लाका गैरसरकारी संस्थाहरूले भने केवल १८ प्रतिशत मात्र त्यस्ता कार्यक्रमका लागि बजेट विनियोजन गरेका थिए ।

धादिङ, उदयपुर तथा म्याग्दी जिल्लामा रहेका धेरै जसो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले साना जलविद्युत् परियोजनासँग सम्बन्धित कार्यक्रममा लगानी गरेका हुँदा उनीहरूको जलवायु परिवर्तनसम्बन्धी खर्चको अंश बढी देखिएको हो । बर्दियामा साना जलविद्युत् परियोजनाको सम्भावना न्यून भएको हुनाले र त्यहाँ गैरसरकारी संस्थाहरू सामाजिक विषयमा बढी केन्द्रित रहेका हुँदा तिनको कुल बजेटमा जलवायु परिवर्तनसम्बन्धी बजेट विनियोजनको अंश कम थियो (तालिका-४)।

जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई स्थानीय सरकारको विकाश योजनामा एकीकृत गरेर सञ्चालन गर्ने प्रक्रियालाई सुदृढ गर्दै लानु जरुरी छ । यस सन्दर्भमा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन (२०७४) ले पर्याप्त आधार प्रदान गरेको छ जसको आधारमा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमलाई स्थानीय विकास कार्यक्रममा एकीकृत गर्ने प्रक्रियालाई थप प्रभावकारी बनाउन सकिन्छ ।

**तालिका ४: ५ वर्षको औसत बजेट र त्यसमध्येको जलवायु परिवर्तनसँग सम्बन्धित खर्च प्रतिशत् (रु. करोडमा)**

| खर्चका स्रोतहरू | | | अध्ययन गरीएका जिल्लाहरू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अछाम | | बर्दिया | | धादिङ | | म्याग्दि | | उदयपूर | |
| | | | रकम | ज.वा. % | रकम | ज.वा. % | रकम | ज.वा. % | रकम | ज.वा. % | रकम | ज.वा. % |
| जलवायु परिवर्तनसंग सम्बन्धित निकायहरू | जिविस | केन्द्रीय कार्यक्रमहरू | ५६१ | १०.६ | ४१६ | ८.१ | ५२६ | २.१ | २८९ | ६.७ | ५१७ | ४.८ |
| | | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | ९६.५ | १०० | ०१९ | १०० | २३.८ | १०० | १.८ | १०० | १३ | १०० |
| | | आन्तरिक स्रोत | ६ | ३१ | २७ | ७ | १५४.८ | १८ | २९.७ | २३ | २४ | ११ |
| | | **जम्मा** | **६६३५** | **२३.८** | **४४३९** | **८.२** | **७०४६** | **८.९** | **३२०५** | **८.७** | **५५४** | **७३** |
| | स्थानीय सरकारी कार्यालय | कृषि | २४ | ३६.७ | २९ | ३३.८ | ३२ | ५३ | ४७ | १४.५ | २७ | १६.७ |
| | | वन | २६ | ३६.७ | ३२४ | १७९ | ३० | ३२ | २१ | ३५.७ | ७० | २९.८ |
| | | भुसंरक्षण | १२ | १०० | ० | ० | १२ | १०० | १५ | ८४.६ | ११ | १०० |
| | | खानेपानि | ५१ | ९४ | ४७ | १०० | ४८ | १०० | ३५ | ९९.९ | ८३ | १०० |
| | | सींचाइ | २२ | ७७ | ७६० | ७५ | ३३ | ७६ | २९ | १०० | २९ | ७५.२ |
| | | **जम्मा** | **१३५** | **७०.५** | **११६०** | **५९** | **१५५** | **७२** | **१४७** | **६२** | **२२०** | **६४** |
| | अन्य | जउप्रनिका | १४.२ | १०० | ३०.६ | १०० | ३६.३ | १०० | १८.१ | १०० | ४५ | १०० |
| | | गैसस | ३७८ | ३० | ३३२ | १८ | ३७२ | ४५ | १६२ | ३३ | २६३ | ४५ |
| | | ने.वि.प्रा | ८.१ | १०० | ४१.८ | १०० | ४४ | १०० | ४६.७ | १०० | १५.२ | १०० |
| जलवायु परिवर्तनसंग असम्बन्धित निकायहरू | | | १३४८ | ० | १८११ | ० | १८९२ | ० | ९३९ | ० | १८८२ | ० |
| जिल्लाको कुल बजेट | | | २५४७ | १५ | ३८१९ | २२ | ३२०४ | १३ | १६३३ | १५ | २९७९ | १२ |

नोट: केन्द्रीय कार्यक्रमअन्तर्गत पर्ने कार्यक्रमहरूमा मुख्यतया सामाजिक सुरक्षा भत्ता, पूर्वाधार विकास, एलजीसीडीपी, निर्वाचन क्षेत्र विकास कार्यक्रम, गरिवसंग विश्वेस्वर, सामुदायिक विकास, गाविस तथा नपाका सशर्त एवं निशर्त अनुदान, साना सिंचाइ, खानेपानी, राष्ट्रिय जलवायु परिवर्तन सहयोग कार्यक्रम, वातावरण मैत्री स्थानिय शासन जस्ता कार्यक्रमहरू पर्दथे ।

## जलवायु परिवर्तनसम्बन्धी बजेटको क्रमबद्ध वृद्धि


जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमका लागि विनियोजन गरिएको रकम सन् २०१२ पछि निरन्तर बढेको देखियो । सिँचाइको बजेट बाहेक अन्य कार्यालयको जलवायु परिवर्तनसम्बन्धी बजेट वृद्धिको क्रम चित्र ५मा दिइएको छ ।

## जलवायु बजेटको प्रकार

जलवायु परिवर्तनसम्बन्धी कार्यमा भएको खर्चलाई दुई किसिमले हेर्न सकिन्छ । १) भएको खर्च अनुकूलन वा न्यूनीकरणमध्ये कुन प्रयोजनका लागि भएको हो? र, २) जलवायु परिवर्तनसँग उक्त कार्यको कुन स्तरको सान्दर्भिकता रहेको छ ? कुनै-कुनै कार्यक्रम अनुकूलन र न्यूनीकरण दुवैमा योगदान पुऱ्याउने खालका हुन सक्छन् । यस अध्ययनमा उक्त कार्यक्रमले अनुकूलन र न्यूनीकरण दुईमध्ये जुन प्रयोजनलाई प्राथमिक योगदान पुऱ्याएको छ सोहि एकलाई पुऱ्याएको योगदानलाई मात्र लिइएको थियो ।

जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमको जलवायु परिवर्तनसँगको सान्दर्भिकताको स्तर निर्धारण गर्न राष्ट्रिय योजना आयोगबाट क्राइटेरिया तय गरिएको छ जसअनुसार, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा भएको खर्चको अनुपातका आधारमा सान्दर्भिकताको स्तर निर्धारण गरिन्छ । अर्थात, खर्च भएको योजना वा कार्यक्रमले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने वा प्रभावसँग अनुकूलन

**चित्र ५: जलवायु परिवर्तनसम्बन्धी बजेट वृद्धिको क्रम**




**नोटः** सिँचाइका लागि बर्दिया जिल्लामा ठूलो आयोजना सञ्चालनमा रहेकोले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा विषयगत सरकारी निकायहरूको खर्चको अंश औसतभन्दा निकै बढी रहेकोले चित्र ५ मा सिँचाइ समावेश गरिएको छैन ।


गर्ने कार्यमा पुऱ्याउने योगदानलाई आधार मानिन्छ । सो आधारमा हेर्दा जिल्लामा पहिचान गरिएका अधिकांश जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू जलवायु परिवर्तनसँग 'अति सान्दर्भिक' रहेका थिए (चित्र ६) । धादिङ बाहेक सबै जिल्लाहरूमा अति सान्दर्भिक कार्यक्रमहरूमा भएको खर्च कूल जलवायु परिवर्तनको खर्चको ८० प्रतिशतभन्दा बढी रहेको थियो भने धादिङ जिल्लामा ६९ प्रतिशत मात्र रहेको थियो ।

त्यस्तै कुल जलवायु परिवर्तनसम्बन्धी खर्चको ८४ देखि ९८ प्रतिशतसम्म खर्च जलवायु अनुकूलन कार्यक्रमहरूमा खर्च भएको देखियो भने कुल जलवायु परिवर्तनसम्बन्धी खर्चको सानो अंश मात्र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने कार्यमा खर्च हुने गरेको देखियो (चित्र ७) । यसले स्थानीय तहका योजनाहरूले न्युनीकरणको दाँजोमा जलवायु अनुकूलन कार्यक्रमलाई बढी प्राथमिकता दिएका थिए भन्ने देखाउँछ ।

### जलवायु बजेटको स्रोत

जिविस तथा विषयगत सरकारी निकायहरूद्वारा भएको जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको खर्चमध्ये ५ देखि ३० प्रतिशतसम्म रकम विकास साझेदारहरूबाट उपलब्ध हुने रकमबाट बेहोरिएको देखिन्छ भने बाँकी बजेट नेपाल सरकारबाट बेहोरिएको देखिन्छ । बबई सिँचाइ आयोजनामा ठूलो मात्रामा गरिएको खर्च नेपाल सरकारबाट बेहोरिएको हुँदा बर्दिया जिल्लामा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा भएको खर्चमा आन्तरिक स्रोतको अंश बढी देखियो । त्यस्तै दाताहरूले गैरसरकारी संस्थामार्फत जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा प्रदान गरेको खर्चको अंश बर्दिया जिल्लामा सबैभन्दा कम (१२ प्रतिशत) थियो भने अछाम जिल्लामा सबैभन्दा बढी (३० प्रतिशत) रहेको देखियो ।

**चित्र ६: सान्दर्भिकताको स्तरका आधारमा जलवायु परिवर्तनसम्बन्धी खर्च (प्रतिशतमा)**




### जलवायु बजेटमा समर्पित कार्यक्रमको योगदान

केही छानिएका जिल्लाहरूमा नेपाल जलवायु सहयोग कार्यक्रम तथा वातावरण मैत्री स्थानीय शासन कार्यक्रम जस्ता जलवायु परिवर्तनसम्बन्धी समर्पित कार्यक्रमहरू कार्यान्वयन गरिएका छन् । बर्दिया र अछाम जिल्लामा जिविसलाई स्थानीय अनुकूलन कार्ययोजनाहरू तयार गर्न सहयोग पुऱ्याउन आव २०७०।७१ देखि नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम लागू गरिएको थियो । जलवायु परिवर्तनको विषयलाई स्थानीय योजनामा एकीकृत गर्ने यो एउटा महत्वपूर्ण कदम हो । त्यस्तै, वातावरण, जलवायु परिवर्तन तथा प्रकोप जोखिम व्यवस्थापन जस्ता छरिएर रहेका कार्यक्रमलाई एकीकृत गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा तयार गरिएको वातावरणमैत्री स्थानीय शासनको प्रारूपलाई तात्कालिन जिविसहरूले अनुमोदन गरेका थिए । सोही प्रारूपलाई कार्यान्वयन गर्ने सिलसिलामा आव २०७२।७३ देखि उदयपुर जिल्लामा वातावरण मैत्री स्थानीय शासनसम्बन्धी आयोजना सञ्चालन गरिएको थियो ।

जलवायु परिवर्तनका समर्पित कार्यक्रमहरूकालागि छुट्टै बजेट व्यवस्था भएबमोजिम तिनले गर्ने जलवायु परिवर्तनसम्बन्धी खर्च अन्य कार्यालयको समग्र खर्चभन्दा बढी हुने गरेको देखियो, जुन स्वाभाविकै थियो । उदाहरणका लागि बर्दिया जिल्लामा भएको जलवायु परिवर्तनसम्बन्धी कुल खर्चको २.७ प्रतिशत खर्च नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमअन्तर्गत भएको छ । उक्त खर्च जिल्लास्थित जिल्ला वन कार्यँलय, जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला विकास समिति तीनवटै कार्यालयबाट भएका जलवायु परिवर्तनसम्बन्धी खर्चभन्दा बढी थियो । त्यसैगरी अछाम जिल्लामा भएको कुल जलवायु परिवर्तनसम्बन्धी खर्चमा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको हिस्सा ६ प्रतिशतभन्दा बढी थियो । यो अंश अछाम जिल्लास्थित खानेपानी कार्यालय बाहेक बाँकी सबै जलवायु परिवर्तनसम्बन्धी सरकारी निकायहरूले गर्ने खर्चको अंशभन्दा बढी थियो ।

**चित्र ७: अनुकूलन तथा न्यूनीकरणका आधारमा जलवायु परिवर्तनसम्बन्धी खर्च (प्रतिशतमा)**



उदयपुर जिल्लामा सञ्चालीत वातावरण मैत्री स्थानीय सासन कार्यक्रममा भएको खर्च सो जिल्लामा भएको कुल जलवायु परिवर्तनसम्बन्धी खर्चको ३ प्रतिशत जति थियो । यो खर्च जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय तथा जिल्ला भू-संरक्षण कार्यालय तीनवटै कार्यलयबाट त्यस जिल्लामा भएको जलवायु परिवर्तनसम्बन्धी कुल खर्चभन्दा बढी थियो । यसरी जलवायु परिवर्तनका लागि समर्पित कार्यक्रमहरूमा ठूलो मात्रामा बजेट विनियोजन तथा खर्च भएको भए पनि ती परियोजनाहरू नियमित स्थानीय योजना तर्जुमा प्रक्रियाभन्दा बाहिरबाट छुट्टै परियोजनाको रूपमा तयार भई सञ्चालनमा आएका हुँदा त्यस्ता योजनाहरूले स्थानीय तहको योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रियामा ठोस सहयोग पुऱ्याउन सकेको देखिएन, जबकि, ती परियोजनाहरूको मुख्य उद्देश्य स्थानीय योजना प्रक्रियालाई सुदृढ गर्ने नै थिए । यो विषय स्थानीय सरकारबाट तयार हुने विकास निर्माणका योजनाहरूलाई जलवायु पविर्तन उत्थानशील (climate resilient) बनाउने परिप्रेक्ष्यमा झनै महत्वपूर्ण हुन आउँछ ।

## ३.२ जलवायु परिवर्तनसम्बन्धी नीति एवं संस्थाहरू

जलवायु परिवर्तनसम्बन्धी केही महत्वपूर्ण नीतिहरू निम्न बमोजिमका छन् ।

### जलवायु परिवर्तन नीति २०६७

जलवायु परिवर्तन सम्बन्धमा राज्यले अपनाउनु पर्ने नीति र लिनुपर्ने कदमहरूकाबारे मार्गदर्शन गर्ने महत्वपूर्ण नीति हो जलवायु परिवर्तन नीति २०६७ । यस नीतिले अनुकूलन तथा न्यूनीकरणका लागि केही निश्चित दिशानिर्देश गर्नुका साथै जलवायु परिवर्तनलाई सम्बोधन गर्न प्राप्त बजेटमध्ये ८० प्रतिशत जलवायु परिवर्तन बजेट समुदायमा पुऱ्याउने प्रतिबद्धता जनाएको छ । यस नीतिको एक महत्वपूर्ण पक्ष भनेको जलवायु परिवर्तन नियन्त्रणका लागि न्यून कार्बन विकास रणनीतिलाई प्रवर्द्धन गर्दै दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउनु हो ।

### नापा (२०१०)

अत्यन्त जरुरी र तत्काल गर्नुपर्ने अनुकूलनका कार्यका लागि तयार गरिएको राष्ट्रिय अनुकूलन कार्ययोजनाले जलवायु परिवर्तनबाट प्रभावित र तत्काल सम्बोधन गर्नु पर्ने कार्यका लागि प्राथमिकताका नौ क्षेत्रको पहिचान गरेको छ । प्राथमिक क्षेत्रमा मुलतः कृषि, वन, जलस्रोतको एकीकृत व्यवस्थापनबाट समुदायमा आधारित अनुकूलन कार्यको प्रवर्द्धन; जोखिममा रहेका समुदायको अनुकूलन क्षमतामा अभिवृद्धि; समुदायमा आधारित प्रकोप व्यवस्थापन; पर्यावरण व्यवस्थापन; प्रकोप न्यूनीकरणका लागि हिमतालको अनुगमन; जलस्रोत व्यवस्थापन; स्वच्छ ऊर्जा; र जलवायु अनुकूलित सहरी बसोबास पर्छन् । प्राथमिक क्षेत्रमध्ये केहीमा योजनाहरूसमेत सञ्चालित छन् ।

### जलवायु परिवर्तन बजेट कोड (२०१२)

आव २०७०/७१ देखि वार्षिक बजेटमा जलवायु परिवर्तन बजेट कोडको प्रयोग गरिएको छ । यस कोडको प्रयोगले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम पहिचान गर्नुका साथै वार्षिक बजेटमध्ये के-कति बजेट जलवायु परिवर्तनलाई न्यूनीकरण गर्ने वा तिनका प्रभावसँग अनुकूलन हुन सघाउने कार्यकालागि विनियोजन गरिएको थियो भन्ने संकेत गर्छ । जिल्लास्तरीय कार्यक्रमहरूमा जलवायु परिवर्तन बजेट कोडको प्रयोग हुन सकेको थिएन ।

### राष्ट्रिय स्तरमा निर्धारित योगदान

पेरिस सम्झौता पश्चात जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लागि नेपालले राष्ट्रियस्तरमा प्रतिबद्धता जनाएको छ । यसप्रतिबद्धतामा नेपालले पूरा गर्ने भनी निर्धारण गरेको योगदानका लक्ष्यसहितका केही महत्वपूर्ण कार्यहरू उल्लेख छन् । यसमा खासगरी खनिज तेलमाथिको निर्भरता कम गर्दै स्वच्छ ऊर्जालाई प्रवर्द्धन गर्ने र कार्बन संचितिका कार्यक्रम समावेश छन् ।

यसबाहेक वातावरण ऐन २०५४, कृषि विकास रणनीति २०७१, सिँचाइ नीति २०७०, वन नीति २०७१ पनि जलवायु परिवर्तनलाई न्यूनीकरण तथा अनुकूलन गर्न सघाउने नीतिहरू हुन् ।

त्यस्तै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन (२०७४), वातावरण मैत्री स्थानीय शासनको प्रारूप (२०७०), स्थानीय अनुकूलन कार्ययोजना (२०६७) आदि स्थानीय तहमा जलवायु परिवर्तनलाई सम्बोधन गर्न सघाउने नीतिगत व्यवस्थाहरू हुन् ।

जलवायु परिवर्तनसम्बन्धी संस्थाहरू तालिका ५ मा दिइएको छ ।

**तालिका ५: जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकायहरू**

| जिम्मेवार निकाय | जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू |
|---|---|
| राष्ट्रय योजना आयोग | वार्षिक विकास कार्यक्रमको तर्जुमा तथा समन्वय र अनुगमन गर्ने |
| अर्थ मन्त्रालय | जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमका लागि वित्तीय व्यवस्था गर्ने |
| खानेपानी तथा सरसफाइ मन्त्रालय | खानेपानी अभाव क्षेत्रमा खानेपानी आपूर्ति बढाउन खानेपानी आयोजनाको निर्माण तथा मर्मत संभार गर्ने |
| कृषि विकास मन्त्रालय | बाली उत्पादन, कीरा तथा रोग नियन्त्रण, बिउ उत्पादन, सहिष्णु जातको उत्पादनसम्बन्धी अनुसन्धान गर्ने, कृषि प्रसार सेवा प्रदान गर्ने |
| पशुपन्छी विकास मन्त्रालय | घर पालुवा पशुपन्छीमा पर्ने प्रभावका कारण रोग नियन्त्रण, चरन व्यवस्थापन, उन्नत जातको पशुपन्छी उत्पादन, अनुसन्धान गर्ने, पशु सेवा प्रदान गर्ने |
| सिँचाइ मन्त्रालय | सिँचाइ आयोजनाको निर्माण तथा मर्मत सम्भार गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण तथा रोकथाम गर्ने |
| जनसङ्ख्या तथा वातावराण मन्त्रालय | जलवायु परिवर्तनसम्बन्धी नीतिगत समन्वय गर्ने तथा अनुगमन गर्ने, राष्ट्रिय अनुकूलन कार्यक्रम तयार गर्ने, स्थानीय अनुकूलन कार्य योजनाहरूको समन्वय गर्ने, न्यून कार्बन उत्सर्जन रणनीति तयार गर्ने, नवीकरणीय ऊर्जा, हावापानी तथा तापक्रमसम्बन्धी तथ्यांक तयार गर्ने, मौसम पूर्वानुमान गर्ने, पूर्व सचेतना प्रदान गर्ने प्रविधि विकास गर्ने |
| वन तथा भू-संरक्षण मन्त्रालय | वन, राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रको संरक्षण गर्ने, जलाधार क्षेत्रको व्यवस्थापन गर्ने तथा रेड (REDD+) लाई कार्यान्वयन गर्ने |
| सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | स्थानीय तहमा सिँचाइ, खानेपानी, नदी नियन्त्रण, वातावरण संरक्षण तथा पानीका मुहान संरक्षण कार्यको पहल गर्ने । |

| | |
|---|---|
| भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सडक सुरक्षा तथा पहाडी सडकको दाँयाबाँया हुने भू-क्षय नियन्त्रण गर्ने |
| ऊर्जा मन्त्रालय | परम्परागत ऊर्जाको स्रोतलाई प्रतिस्थापन गर्न जल विद्युत् परियोजनाको विकास तथा प्रवर्द्धन गर्ने |
| शिक्षा मन्त्रालय | जलवायु परिवर्तनसम्बन्धी सचेतना तथा ज्ञान अभिवृद्धि गर्ने पाठ्यक्रमको विकास गर्ने |
| उद्योग मन्त्रालय | उद्योगहरूबाट हुने हरित गृह ग्यासको उत्सर्जन कम गर्ने |
| स्वास्थ्य मन्त्रालय | जलवायु परिवर्तनको कारणबाट उत्पन्न हुने स्वास्थ्यसम्बन्धी विषयहरूमा अनुसन्धान गर्ने, त्यस्ता रोगहरूको रोकथाम तथा नियन्त्रण गर्ने |
| प्रादेशिक सरकारका सम्बन्धित निकायहरू | जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्यक्रम समन्वय गर्ने |
| स्थानीय सरकार | जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्यक्रम कार्यान्वयन तथा समन्वय गर्ने |

जलवायु परिवर्तनसम्बन्धी विषयलाई सम्बोधन गर्न जारी भएको जलवायु परिवर्तन तथा वातावरणसम्बन्धी नीतिगत व्यवस्थाहरू पर्याप्त देखिए पनि ती एवं रणनीतिहरूलाई स्थानीय तहका आवधिक योजनाहरूको तर्जुमा गर्ने क्रममा तल्लो तहसम्म आवश्यक मात्रामा रूपान्तरण हुन सकेका छैनन् । फलतः जिल्लाका तत्कालिन आवधिक योजनाहरूमा जलवायु परिवर्तनका विषयले किटानी साथ स्थान पाउन सकेका थिएनन् ।

निम्न कारणहरूले गर्दा स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी योजनाहरू लागू गर्नका लागि आवश्यक साधन र स्रोतको व्यवस्था मिलाउन चुनौतीपूर्ण रहेको छ ।

**१) जलवायु परिवर्तन नीतिहरूले जिल्लाका कार्यक्रम तथा बजेटलाई मार्गदशन गर्न नसक्नु ।**

जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय नीतिहरूले जिल्लामा तयार गरिने कार्यक्रम तथा बजेटको प्राथमिकीकरण तथा बजेट विनियोजन गर्ने कार्यमा आवश्यक मार्गदर्शन गर्न सकेको देखिँदैन । तत्कालिन अवस्थामा स्थानीय तहको योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रिया साविक स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वशासन नियमावली २०५७ द्वारा निर्देशित थिए । जलवायु परिवर्तन नीति (२०६७) तथा जलवायु परिवर्तन बजेट कोड(२०१२) ले जलवायु परिवर्तनको विषयलाई योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रियामा एकीकृत गर्न जोड दिएको छ । तर जलवायु परिवर्तनसम्बन्धी ती नीतिहरू स्थानीय तहमा योजना तर्जुमा गर्ने प्रक्रियामा प्रयोगमा आउन सकेको थिएनन् । जिल्लास्थित कतिपय पदाधिकारीहरूलाई जलवायु परिवर्तनसम्बन्धी नीति तथा मार्गदर्शनहरू छन् भन्ने कुराको जानकारी भए तापनि जिल्ला स्तरका योजना तर्जुमा गर्ने क्रममा सम्बन्धित क्षेत्रको आ-आफ्नै नीतिको अधिनमा रही मन्त्रालयको निर्देशनमा योजना तर्जुमा गर्ने परिपाटीले गर्दा जलवायु परिवर्तन जस्ता बहुक्षेत्र ओगट्ने राष्ट्रिय नीतिहरू एवं मार्गदर्शनहरूलाई आधार मान्ने गरेको देखिएन । समग्रमा स्थानीय योजना तर्जुमा गर्ने सिलसिलामा जलवायु परिवर्तनसम्बन्धी मार्गदर्शन तथा नीतिहरूलाई केवल केन्द्रीय स्तरको विषयको रूपमा मात्र लिइने गरेको पाइयो ।

प्रत्येक जिल्लामा जलवायु परिवर्तनबाट उत्पन्न हुन सक्ने जोखिमको आधारमा नापा (२०१०) ले जिल्लाको वर्गीकरण गरेको छ । उक्त वर्गीकरणको आधारमा जिल्लाभित्र देखिन सक्ने जलवायु परिवर्तनको प्रभावबारे प्रारम्भिक आंकलन गर्न सकिन्छ । तर, जिल्लाको बजेट विनियोजन तथा योजना तर्जुमासम्बन्धी निर्णय गर्दा नापाको उक्त जोखिम वर्गीकरण प्रयोगमा ल्याइएको वा सोलाई आधार मान्ने गरेको देखिएन । व्यावहारिक रूपमा तत्काल देखिएका समस्याहरू (जुन जलवायु परिवर्तनले ल्याउने समस्यासँग मिल्दा जुल्दा छन्) को समाधान गर्न योजनाहरू तर्जुमा हुँदै आइरहेको भए तापनि ती प्रयासहरूलाई जलवायु परिवर्तन नीतिसँग जोड्ने वा जलवायु परिवर्तन नीतिगत प्रावधान (जस्तै, जलवायु परिवर्तनको ८० प्रतिशत बजेट समुदायका पुऱ्याउने) बाट हुन सक्ने सहयोग उपलब्ध गराउनेतर्फ स्थानीय योजना तर्जुमा प्रक्रिया अघि बढ्न सकेको देखिएन । यसो हुनुको मुख्य कारण जलवायु परिवर्तन नीति २०६७ र यसका प्रावधानहरूबारे स्थानीय तहमा जानकारी नहुनु हो ।

आवधिक योजनाहरूले जलवायु परिवर्तन तथा दिगो विकासका लक्ष्यहरूलाई सम्बोधन गर्ने रणनीतिक दिशानिर्देश गर्ने गरेका छन् । वर्तमान १४औं त्रि-वर्षीय योजना (आव २०७३।७४-२०७५।७६) ले संयुक्त राष्ट्र संघीय दिगो विकास लक्ष्यहरूको प्राप्तिमा सहयोग पुऱ्याउने उद्देश्य राखेको छ । तर, स्थानीय तहमा जलवायु परिवर्तनको समस्यालाई सम्बोधन गर्ने स्थानीय निकायहरू र दिगो विकासका लक्ष्यहरूबीच कुनै स्पष्ट तादात्म्यता नभएसम्म लक्ष्यहरू हासिल गर्न कठिन हुन्छ । विद्यमान अवस्थामा जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय तथा विभागीय नीतिहरूले स्थानीय योजना तर्जुमा गर्दा जलवायु परिवर्तनलाई एकीकृत गर्न आवश्यक मार्गदर्शन गर्ने विषय अत्यन्त कमजोर रहेको छ । यस्तो नीतिगत बिच्छेदले जलवायु परिवर्तनको विषयलाई स्थानीय योजनाहरूमा आबद्ध गराउने तथा व्यवस्थित रूपले नीतिको कार्यान्वयन  गर्ने कार्यलाई अझ कठिन बनाएको छ ।

**२) बजेट विनियोजनको बारेमा विभागीय नीतिहरूले जलवायु परिवर्तन नीतिलाई समेट्न नसक्नु ।**
वन, कृषि तथा जलस्रोतसम्बन्धी नीति एवं रणनीतिहरू जलवायु परिवर्तनसँग सम्बन्धित छन् । वन नीति(२०७१) तथा कृषि विकास रणनीति(२०७१-२०८१) ले जलवायुपरिवर्तनसम्बन्धी विषय र रणनीतिहरूलाई समेत क्षेत्रगत नीतिमा आबद्ध गरेको छ । तर, स्थानीयस्तरका कर्मचारीहरू, सरोकार राख्ने साझेदार संस्थाहरू तथा सेवाग्राहीहरूमा जलवायु परिवर्तनसम्बन्धी आवश्यक जानकारी, ज्ञान तथा विज्ञताको टड्कारो अभाव भएकाले जलवायु परिवर्तनसम्बन्धी विषयलाई सम्बोधन गर्ने नीति एवं रणनीतिहरू तथा अन्य क्षेत्रगत नीतिहरूबीच  एक अर्काको परिपूरक हुन सघाउने तरिकाले एकीकृत रूपमा कार्यान्वयन गर्नु चुनौतीपूर्ण छ ।

**३) जलवायु परिवर्तनसम्बन्धी कामगर्ने संस्थाहरूबीच समन्वय प्रणालीमा एकरूपता नहुनु ।**
प्रत्यक्ष वा अप्रत्यक्षरूपले जलवायु परिवर्तनसम्बन्धी कार्य गर्ने दायित्व बोकेका धेरै संस्थाहरू स्तानीय स्तरमा कार्यरत छन् तर ती संस्थाहरूलाई एकै ठाउँमा ल्याएर एकीकृत रूपमा कार्यक्रम तथा बजेट निर्माण गर्न आवश्यक समन्वय गर्ने कुनै स्थापित प्रक्रिया छैन । जिल्लाको जलवायु परिवर्तनसम्बन्धी कुल खर्चको ठूलो हिस्सा विषयगत सरकारी निकायहरूको रहेको थियो । ती निकायहरूमा जलवायु परिवर्तन सम्बन्धमा धेरै हदसम्म विज्ञता पनि थियो तर जलवायु परिवर्तनसम्बन्धी क्रियाकलापको योजना छनोट वा तर्जुमा गर्ने कार्यहरूमा ती निकायहरूबीच समन्वय हुन सकेको थिएन । ती

संस्थाका विभागीय नीतिहरूले जिल्लाका योजनाहरूबीच समन्वय गर्न सहयोग नपुऱ्याउने हुँदा जिल्लामा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरू छरिन पुगेका थिए ।

सिद्धान्ततः विषयगत सरकारी कार्यालयहरू, गैर सरकारी संस्थाहरू एवं निजी क्षेत्रका विकास कार्यक्रमलाई साविक जिविसले समन्वय गर्दथ्यो । प्रत्येक जिविसमा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई समन्वय एवं कार्यान्वयन गर्ने कार्यमा सहयोग पुऱ्याउन जिल्ला ऊर्जा वातावरण तथा जलवायु परिवर्तन शाखा रहेको थियो । तर, ती शाखाहरूमा जिल्लास्तरीय विषयगत कार्यालयहरू एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यलाई समन्वय गर्न सक्ने आवश्यक क्षमता एवं दक्षताको अभाव रह्यो । परिणामतः स्थानीय निकाय र जिल्लास्थित विषयगत सरकारी कार्यालयहरूकाबीच जलवायु परिवर्तनसम्बन्धी जानकारी आदान प्रदान गर्ने तथा समन्वय गर्ने कुरा ज्यादै न्यून रूपमा मात्र हुन सक्यो ।

जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने विषयगत सरकारी कार्यालयहरू (वन, भू-संरक्षण, कृषि, सिँचाइ, खानेपानी तथा सरसफाइ) मा पनि जलवायु परिवर्तनसम्बन्धी जानकारी संकलन, विश्लेषण तथ व्याख्या गर्ने र यसलाई बजेट तथा योजना तर्जुमा प्रक्रियामा उपयोग गर्ने विज्ञता भएका कर्मचारीहरू पर्याप्त मात्रामा छैनन् । उदाहरणका लागि जिल्ला कृषि विकास अधिकृतले प्रत्येक हप्ता वर्षाको स्थिति, पानीको उपलब्धता, मौसमी अवस्था, जलउत्पन्न प्रकोपलगायत बालीसँग सम्बन्धित अन्य समस्याहरू संकलन गरी केन्द्रमा प्रतिवेदन पठाउने गर्छन् । तर, त्यस्ता परिवर्तनहरूले खेतीवालीमा परेको प्रभाव एवं त्यसको निराकारणको उपायको सम्बन्धमा प्राप्त जानकारीलाई जिल्लामा विश्लेषण गरिँदैन थियो । तसर्थ जलवायु परिवर्तनसम्बन्धी वित्तीय व्यवस्थालाई योजना तर्जुमा एवं बजेट निर्माण प्रक्रियामा प्रभावकारी रूपमा एकीकृत गर्न स्थानीय तहका कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनुपर्छ ।

गैरसरकारी संस्थाहरू अझ बढी छरिएका छन् । ती संस्थाहरूले पानी, सरसफाइ, वन, कृषि तथा अन्य प्राकृतिक सम्पदाको संरक्षणलगायत जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूका लागि ठूला मात्रामा बजेट छुट्ट्याइएको देखिन्छ । त्यस्ता अधिकाशं कार्यक्रमहरूमा छुट्ट्याइएको बजेटको विवरण साविक जिल्ला विकास समितिको वार्षिक योजनामा उल्लिखित हुन्थ्यो तर छुट्ट्याइएका ती रकमको के-कति खर्च भयो र के-के कार्य सम्पन्न भए भन्ने विवरणलगायत तिनको वास्तविक खर्चको जानकारी भने जिविसमा पाउने अवस्था भने थिएन । फलतः जिल्लास्थित गैरसरकारी संस्थाहरूबाट उल्लेख्य बजेटको लगानीमा जलवायु परिवर्तनसम्बन्धी काम गरेको भए तापनि जिल्लाभित्र कार्यान्वयन भएका जलवायु परिवर्तनसम्बन्धी विकास कार्यक्रमहरूको समग्र आंकलन गर्न सघाउने अवस्था रहेन ।

निजी क्षेत्रको सम्बन्धमा जिल्ला उद्योग वाणिज्य संघले किसानहरूको आयस्तर बढाउने कार्यमा सहयोग पुऱ्याउन “एक गाउँ एक उत्पादन” तथा “एक जिल्ला एक उत्पादन” कार्यक्रम सञ्चालन गर्ने गरेका छन् । वैकल्पिक उर्जा अन्तर्गत साना जलविद्युत् तथा गोबर ग्यास प्रवर्द्धन गर्ने कार्यक्रमहरूमा पनि निजी कम्पनीहरू संलग्न छन् । त्यस्ता कार्यक्रमहरूले जलवायु परिवर्तनको अनुकूलन तथा न्यूनीकरण गर्ने कार्यमा सघाउ पुऱ्याउने भए पनि निजी क्षेत्रले त्यस्ता कार्यहरूमा

गरेको बजेट विनियोजन तथा खर्चको विवरण जिल्लामा उपलब्ध छैन, किनकि भएका कार्यक्रमहरू उद्योग वाणिज्य महासंघको केन्द्रीय निर्णय र पहलमा जिल्ला उद्योग वाणिज्य संघले सञ्चालन गर्ने गरेको छ ।

## ३.३ योजना तथा बजेट तर्जुमा

साविकमा जिल्लाको योजना तथा बजेट तर्जुमा गर्न स्थानीय निकाय तथा निक्षेपित विषयगत सरकारी कार्यालयहरू स्थानीय स्वायत्त शासन ऐनको प्रावधानअनुसार १४ तहको स्थानीय योजना तथा बजेट तर्जुमा प्रक्रियाअनुसार कार्यक्रम तथा बजेट तयार गर्दथे भने निक्षेपित नभएका विषयगत सरकारी कार्यालयहरू सम्बन्धित मन्त्रालयको मार्गदर्शनका आधारमा जिल्लास्तरीय कार्यक्रम तथा बजेट तर्जुमा गर्दथे । यसअघि व्याख्या गरिएको नीतिगत अस्पष्टताका कारण उक्त प्रक्रियाअनुसार तयार गरिएका स्थानीय विकास योजनाले जलवायु परिवर्तनलाई आवश्यकमात्रामा सम्बोधन गर्न सकेका थिएनन् ।

स्थानीयसरकारको निर्वाचनपश्चात् योजना निर्माण तथा कार्यान्वयनको सम्पूर्ण जिम्मेवारी अब स्थानीय सरकारमा रहेको छ । स्थानीय परिवेश र आवश्यकता बमोजिमको विकास योजना निर्माण गर्न स्थानीय सरकारलाई विषयगत कार्यालयहरूले आवश्यक प्राविधिक सहयोग प्रदान गर्नेछन् भने निर्णय प्रक्रियामा सम्पूर्ण अधिकार स्थानीय सरकारकै हुने भएकोले स्थानीय विकास योजनामा जलवायु परिवर्तनले पारी सकेको वा भविश्यमा पार्न सक्ने प्रभावलाई सम्बोधन गर्ने कार्यक्रमलाई प्राथमिकताकासाथ समावेश गर्न मार्ग प्रसस्त भएको छ ।

### योजना तथा बजेट निर्माण प्रक्रिया

राष्ट्रियस्तरमा राष्ट्रिययोजना आयोगबाट वार्षिक बजेटको सीमा एवं मार्गदर्शन तयार गरी पठाए पछि वार्षिक कार्यक्रम तथा बजेट निर्माण प्रक्रिया प्रारम्भ हुन्छ । राष्ट्रिय योजना आयोगको मार्गदर्शन तथा आ-आफ्ना प्राथमिकताका आधारमा मन्त्रालयहरूले मातहतका विभाग तथा आयोजनाहरूलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्न निर्देशन पठाउँछन् । विषयगत कार्यालयहरूले आफ्नो कार्यक्रममा कति खर्च गर्ने भन्ने निर्णय निश्चित परिधिभित्र परिभाषित आफ्नो मन्त्रालयको क्षेत्रगत नीतिअनुसार गर्छन् । जलवायु परिवर्तनको कारण पर्न सक्ने वा परेको प्रतिकूल प्रभावलाई समेत सम्बोधन गर्नुपर्ने अन्तरसम्बन्धित स्थानीय आवश्यकतालाई मन्त्रालयहरूले सम्बोधन गर्नु आवश्यक भए पनि सो अनुसारको क्षेत्रगत योजना तर्जुमा हुन सकेको छैन । चित्र ८ ले केन्द्रीय तथा स्थानीय तहको योजना तथा बजेट निर्माण प्रक्रियालाई संक्षिप्त रूपमा देखाउँदछ । साथै यसले योजना तर्जुमा प्रक्रिया केन्द्रबाट स्थानीय तथा स्थानीयबाट केन्द कसरी एक अर्कामा सम्बन्धित छन् भन्ने देखाउँछ ।

### स्थानीय तहको योजना तथा बजेट तर्जुमा

स्थानीय तहको योजना तथा बजेट तर्जुमा गर्न जारी गरिएको दिग्दर्शन (२०७४) ले स्थानीय तहले आफ्नो राजस्व र केन्द्रबाट प्राप्त हुने अनुदानसमेत गरी जम्मा हुने स्रोतको आधारमा बजेट सीमा निर्धारण गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्छन् । यस प्रावधानले योजना तथा बजेट निर्माण प्रक्रियामा जनसहभागिताको माध्यमबाट उच्चस्तरको अन्तर निकायगत

**चित्र ८: केन्द्रीय तथा स्थानीय योजना एवं बजेट तर्जुमा प्रक्रिया**




समन्वय कायम गर्ने कार्यका लागि राम्रो अवसर प्रदान गरेको छ। संघीय व्यवस्थाबमोजिम स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न ७ चरणहरू अवलम्बन गर्नुपर्ने छ।

१. संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने,
२. स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण गर्ने,
३. बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनोट गर्ने,
४. वडा स्तरीय आयोजना/कार्यक्रमहरूको प्राथमिकीकरण गर्ने,
५. बजेट तथा कार्यक्रम तर्जुमा गर्ने,
६. गाउँ/नगरपालिका बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, र
७. गाउँ/नगर सभाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।

स्थानीय तहको योजना तथा बजेट निर्माण दिग्दर्शन (२०७४)का अनुसार गाउँ/नगरपालिकाले योजना/आयोजना तथा बजेट तर्जुमा गर्नु पूर्वयोजना/आयोजना छनोट र प्राथमिकीकरणको

आधार र मापदण्ड तयार गर्नुपर्छ । यस्तो आधार र मापदण्ड बस्ती/टोल स्तर, वडास्तर, र गाउँ/नगरपालिकास्तरका लागि छुट्टाछुट्टै आधार र मापदण्ड तोक्न सकिनेछ । यसमा मूलतः संविधानमा उल्लेखित एकल तथा साझा अधिकार, मौलिक अधिकार, संघ तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति र प्राथमिकता, संघीय सरकारको आर्थिक र वित्तीय नीति, नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, दिगो विकास, जलवायु परिवर्तन जस्ता सामयिक विषयहरूलाई आधार मान्नु पर्ने हुँदा स्थानीय आवश्यकताका साथसाथै नेपालले राष्ट्रिय रूपमा पूरा गर्नुपर्ने जिम्मेवारी समेतलाई स्थानीय योजनाले समेट्नुपर्छ ।

यसका साथै बजेट तथा कार्यक्रम तर्जुमाका लागि ६ वटा क्षेत्र समेटी विषय क्षेत्रगत सूची तयार गर्नुपर्ने छ । ती ६ वटा क्षेत्र हुन्, क) आर्थिक विकास, ख) सामाजिक विकास, ग) पूर्वाधार विकास, घ) वातावरण तथा विपद् व्यवस्थापन (यसभित्र जलवायु परिवर्तन पनि पर्छ); ङ) संस्थागत विकास तथा सेवा प्रवाह, र च) वित्तीय व्यवस्थापन र सुशासन । यसको अर्थ, स्थानीय विकास योजनाहरूले आर्थिक सामाजिक विकासको साथै जलवायु परिवर्तनलाई पनि उत्तिकै प्राथमिकतामा राख्नुपर्नेछ ।

यस अघि स्थानीय तहमा बेहोर्दै आएको वा भविष्यमा आइपर्न सक्ने भनेर महसुस भएका जलवायु परिवर्तनसम्बन्धी विषयको जानकारीको अभावमा योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन समावेश हुन सकेको थिएन । जलवायु परिवर्तनलाई प्रभावकारी रूपले सम्बोधन गर्न स्थानीय तहमा जलवायु परिवर्तनको प्रभावसम्बन्धी आधारभूत जानकारी उपलब्ध गर्नु जरुरी छ । स्थान विशेषमा बेहोर्नु परेको जलवायु परिवर्तनका प्रभावबारे उपलब्ध सूचनाले मात्र स्थानीय तहमा जलवायु परिवर्तनसँग अनुकूलित हुने योजना तथा बजेट निर्माण प्रक्रियामा सुधार ल्याउन मद्दत गर्दछ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा गर्न जारी गरिएको दिग्दर्शन (२०७४) ले दिगो विकासका लागि समुदायलाई जलवायु उत्थानशील बनाउने विषय पनि योजना प्राथमिकीकरणका आधार मानिएबाट स्थानीय तहमा बेहोर्दै आएको वा भविष्यमा आइपर्न सक्ने जलवायु परिवर्तनसम्बन्धी विषयलाई योजनाबद्ध रूपमा सम्बोधन गर्ने बाटो खुलेको छ ।

विषय नितान्त नयाँ भएको हुँदा स्थानीय योजना तर्जुमामा जलवायु परिवर्तनलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा केन्द्रीय सरकारको निर्देशन निकै महत्वपूर्ण हुन्छ । जलवायु केन्द्रित विकास बजेट निर्माणका लागि राष्ट्रिय योजना आयोगबाट जारी हुने मार्गदर्शनमा जलवायु परिवर्तनसम्बन्धी नीति निर्देशनहरूको सन्दर्भ, प्राथमिकीकरण गर्ने मापदण्ड, जलवायु बजेट संकेत एवं जलवायुको सान्दर्भिकता निर्धारण गर्ने निर्देशिका जस्ता मुख्य बुँदाहरू उल्लेख भएको हुन्छ । योजना तथा बजेट तर्जुमाको क्षमता अभिवृद्धिका लागि जलवायु परिवर्तनसम्बन्धी विषयहरूका बारेमा उपलब्ध समझ, जानकारी एवं ज्ञान महत्वपूर्ण हुन्छ । वन विनाश, भू-क्षय तथा फोहोरमैला व्यवस्थापन जस्ता वातावरणीय विषयहरूबारे स्थानीय तहमा धेरै हदसम्म जानकारी र ज्ञान भएको पाइन्छ । तर, जलवायु परिवर्तन र यसको प्रभावको विषय तुलनात्मक रूपमा नयाँ भएको हुँदा यससम्बन्धी ज्ञान सीमित मात्रामा मात्र रहेको देखिन्छ । स्थानीय योजनाको माध्यमबाट जलवायु परिवर्तनको प्रभाव अनुकूलन कायम गर्न स्थानीय तहमा यससम्बन्धी विषयहरूको राम्रो सुझबुझ तथा उपयुक्त कार्यक्रम तयार गर्ने वातावरण मिलाउनु जरुरी छ ।

संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताका साथै नेपालले अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धताहरू पनि स्थानीय योजना तर्जुमाका आधार हुने भएकाले स्थानीय तहमा तर्जुमा गरिने विकास योजनाहरू जलवायु केन्द्रित बनाउने प्रक्रियाको थालनी भएको छ । यसका लागि स्थानीय सरकारहरूले राष्ट्रिय जलवायु नीतिलाई तल्लो तहसम्म स्थान विशेषको सन्दर्भमा अर्थ्याउन र आवश्यक सूचना, प्रविधिमा पहुँचका साथै विज्ञहरूको सेवा प्राप्तिमा जोड दिनु पनि उत्तिकै आवश्यक छ ।

गैरसरकारी संस्थाका हकमा गैरसरकारी संस्थाका योजना तथा कार्यक्रमहरू मूलतः दाताको नीति अनुरूप तयार गरी कार्यान्वयन गरिन्छन् । अझ त्यसमा पनि गैरसरकारी संस्थाहरूको कार्य वा खर्चहरूको बारेमा एक थलोमा जानकारी पाउने कुनै खास संस्थागत संरचना वा नीतिगत प्रावधान नरहेको कारण धेरै संख्यामा हुँदाहुँदै र ठूलो बजेट सञ्चालन गरे पनि गैरसरकारी संस्थाहरूले जिल्लाको विकास प्रक्रियामा र त्यसमा पनि खासगरी जलवायु परिवर्तन अनुकूलन कार्यक्रममा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्न सकिंने थिएन । तर, स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न चाहने गैरसरकारी संस्था वा निजी क्षेत्रहरूले गाउँ/नगर सभाबाट आफ्नो कार्यक्रम पारित गराउन पर्ने प्रावधान भएकाले समन्वयको सम्भावना बढेको छ ।

### ३.४ बजेट तथा कार्यक्रम स्वीकृति

बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेस गरेको कार्यक्रम र बजेट गाउँ/नगरपालिकाले दफाबार छलफल गरी पारित गर्छ र स्वीकृतार्थ गाउँ/नगरसभामा पेस गर्दछ । पेस भएको कार्यक्रम र बजेट गाउँ/नगरसभाबाट पुनः छलफल भई बहुमतबाट पारित गरिन्छ ।

### ३.५ बजेट तथा कार्यक्रम कार्यान्वयन तथा अनुगमन

गाउँ/नगरसभाबाट पारित भएको नीति, कार्यक्रम र बजेट गाउँ/नगरपालिकाले कार्यान्वयन योजना तयार गरी सार्वजनिक ऐन लगायत प्रचलित कानुनको अधिनमा रही कार्यान्वयन गर्दछ । यसका लागि कार्यान्वयनको ढाँचा, समय सीमा, जिम्मेवार निकाय तथा पदाधिकारी, तथा अनुगमनको प्रक्रिया र मूल्याङ्कनको मापदण्ड समेत खुलाउनु पर्ने हुन्छ ।

कोष तथा लेखा नियन्त्रण कार्यालयले जिल्लास्थित स्थानीय निकायलाई प्रदान गरिने एकमुष्ट अनुदानलगायत सरकारी कोषबाट लगानी गरिने विकास कार्यका लागि विषयगत सरकारी कार्यालयलाई  विनियोजित बजेट रकमको भुक्तानी र ती कार्यहरूमा भएको खर्चको विवरण राख्छ । स्थानीय कोषबाट गर्ने खर्चको विवरण अरु कुनै निकायलाई पेस गर्नु नपर्ने हुँदा त्यसको विवरण स्थानीय तहमा मात्र रहन्छ ।

विषयगत सरकारी कार्यालयहरूको खर्च तथा स्थानीय निकायलाई दिइएको एकमुष्ठ अनुदानबाट भएको खर्चको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुन्छ भने स्थानीय कोषबाट गरेको खर्चको लेखापरीक्षण गाउँ/नगरपालिकाले तयार गरेको कार्यविधिअनुसार हुने व्यवस्था छ ।

स्थानीय तहमा एकमुष्ट अनुदानबाट तथा आन्तरिक स्रोतबाट प्राप्त राजस्वबाट खर्च गरेको विवरण एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गरेको वास्तविक खर्चको विवरण पाउन कठिन पर्ने हुँदा खर्चको जानकारीको अभावमा यस अध्ययनमा जिल्लास्तरीय जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तथा उपलब्धिहरूको समष्टिगत सिंहावलोकन गर्न कठिनाइ रह्यो । गैरसरकारी संस्थाहरूले बजेट तर्जुमा गर्ने समयमा विनियोजित बजेटको विवरण पठाए पनि कार्यक्रम अनुसारको खर्चको विवरण नपठाउने भएकाले यस अध्ययनमा केवल विषयगत सरकारी कार्यालयहरूले गरेको खर्च तथा स्थानीय निकायलाई केन्द्रीय सरकारबाट प्राप्त अनुदानको खर्चको विवरण मात्रको आधारमा जलवायु परिवर्तनसँग सम्बन्धित खर्चको विश्लेषण गर्नुपर्ने बाध्यता रह्यो ।

स्थानीय तहमा कार्यान्वय गरिने सम्पूर्ण विकास निर्माणका कार्यक्रम गाउँ/नगरसभाबाट पारित गराउन पर्ने प्रावधानले स्थानीय स्तरमा भएको जलवायु परिवर्तनका कार्यक्रम र जलवायु वित्तको प्रभावकारी कार्यान्वयनमार्फत समुदायलाई जलवायु परिवर्तन उत्थानशील बनाउँदै दिगो विकास लक्ष्य प्राप्तिका लागि मार्ग प्रसस्त गरेको छ ।

# ४.0 निष्कर्ष तथा सुझावहरू

प्रस्तुत अध्ययनले जिल्ला स्तरीय सार्वजनिक तथा गैरसरकारी संस्थाहरूबाट भएको विकास कार्यमध्ये जलवायु परिवर्तनसम्बन्धी कार्य तथा त्यसमा भएका खर्चको लेखाजोखा गर्नुका साथै त्यस्ता कार्यक्रमको जलवायु परिवर्तनसँगको सान्दर्भिकताको स्तर, कार्यक्रम सञ्चालन गर्ने संस्थागत संरचना, नीतिगत व्यवस्था, तथा योजना तर्जुमा, कार्यान्वयन, र अनुगमनको बारेमा तात्कालीन अवस्थाको विश्लेषण गर्नुको साथै स्थानीय स्तरमा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा गर्नुपर्ने थप सुधारबारे केही तथ्यलाई उजागर गरेको छ ।

हाल स्थानीय सरकारहरू गठन भइसकेको सन्दर्भमा केन्द्रदेखि स्थानीय तहसम्मजलवायु परिवर्तनसम्बन्धी बजेट विनियोजन र खर्चलगायत सार्वजनिक वित्त व्यवस्थापन नीति, रणनीति, संस्थागत व्यवस्था, योजना तर्जुमा र सुशासनकाकार्यहरू अब स्थानीय सरकारहरूबाट हुने भएकोले त्यसकार्यलाई सघाउने सम्बन्धमा केही सुझावहरू दिनुका साथै जलवायु परिवर्तनसम्बन्धी कार्यको प्रभावकारी कार्यान्वयन तथा लक्षित वर्गसम्म पुऱ्याउने सन्दर्भमा आवश्यक क्षमता अभिवृद्धि गर्ने रणनीतिको आवश्यकताका बारेमा पनि केही सुभाव दिइएको छ ।

## ४.१ नीति तथा रणनीतिक निष्कर्ष र सुझाव

नेपाल सरकारले केही समयदेखि नै आफ्ना नियमित विकास कार्यक्रमहरूमा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । उदाहरणका लागि पानीको मुहान क्रमशः सुक्दै गएको पहाडी क्षेत्रमा खानेपानीको व्यवस्था, मनसुनी वर्षा ढिलो वा कम भई धान रोपाइँमा ढिलाइ हुन थालेपछि तराईका जिल्लामा सिँचाइको व्यवस्था, तराई तथा उपत्यकामा बाढी नियन्त्रण वा रोकथाम जस्ता कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएका छन् । यद्यपि यस्ता कार्यक्रमहरू जलवायु परिवर्तन अनुकूलनसम्बन्धी कार्यक्रमका रूपमा नभई नियमित स्रोत व्यवस्थापन वा प्रकोप न्यूनीकरणका रूपमा हुँदै आएका छन् । जलवायु परिवर्तन बजेट संकेतले यिनै कार्यक्रमहरूलाई जलवायु परिवर्तनसँग सम्बन्धित भनी इङ्गित गरेको छ ।

तर, स्थानीय तहमा तयार गरिने योजनाहरूमा जलवायु परिवर्तनसम्बन्धी बजेट इङ्गित गर्न हालसम्म जलवायु बजेट संकेतको प्रयोग नगरिएको हुनाले स्थानीय तहमा खर्च गरिने जलवायु परिवर्तनसम्बन्धी बजेट तथा खर्चबारे जानकारी उपलब्ध हुन सक्ने अवस्था रहेन । स्थानीय तहमा कार्यान्वयन गरिने जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तब मात्र प्रभावकारी हुन्छ, जब विषयगत निकायहरू, स्थानीय सरकार एवं स्थानीय क्षेत्रका अन्य गैरसरकारी निकायहरूबीचको आपसी सहयोगमा कार्यक्रम तर्जुमा र समन्वयात्मक रूपमा कार्यान्वयन हुन्छ । यसका लागि राष्ट्रिय स्तरमा भएका जलवायु परिवर्तनसम्बन्धी नीति एवं क्षेत्रगत नीतिहरूलाई स्थानीय स्तरमा कार्यान्वयनका लागि समन्वयात्मक रूपमा कसरी रूपान्तरण गर्ने भन्ने विषयमा स्पष्ट मार्गदर्शन एवं निर्देशिकाका रूपमा उपलब्ध हुनु आवश्यक छ । तसर्थ

**जलवायु परिवर्तन नीति कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयबाट स्थानीय योजना एवं बजेट तर्जुमाका लागि क्षेत्रगत मन्त्रालयहरू एवं प्रादेशिक तथा स्थानीय तहका पठाइने मार्गदर्शनमा जलवायु परिवर्तनसम्बन्धी नीतिलाई समेत ध्यान दिइ योजना तर्जुमा गर्नुपर्ने विवरण समावेश गरी पठाउनु आवश्यक छ ।**

जलवायु परिवर्तनसम्बन्धी नीतिहरू अन्य क्षेत्रगत नीति, रणनीति एवं मार्गदर्शनहरूमा विभिन्न निकायबाट हुने जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमलाई एकीकृत गर्ने विषय जोडिन सकेका छैनन् । जलवायु परिवर्तन नीति २०६७ लाई अधिकांश विषयगत निकायहरूले आफ्नो तालुक मन्त्रालयदेखि बाहेकको मन्त्रालयको नीतिको रूपमा बुझ्ने गरेकाले अधिकांश विषय क्षेत्रगत आवधिक योजनामा जलवायु परिवर्तन नीति २०६७ को प्रावधान तथा जलवायु परिवर्तनसम्बन्धी नीति/कार्यनीति/रणनीतिलाई योजना निर्माण प्रक्रियामा आवश्यक मात्रामा आत्मसात नगरिएकाले विषयक्षेत्रगत योजनाहरू सालबसाली क्रियाकलापलाई निरन्तरता दिने कार्यमा सिमित हुन पुगे ॥ सामान्यतया त्यस्ता योजनाहरू स्थानीय स्वशासन ऐन एवं नियमावलीले जिल्लामा कार्यान्वयन गरिने कार्यक्रमहरू स्थानीय निकायको योजनासँग एकीकृत गर्ने परिकल्पना गरेको भए पनि त्यस्तो हुन सकेको थिएन । तसर्थ, नीतिहरूको एकिकरणमा सहयोग पुऱ्याउन र एक अर्काको परिपूरकको रूपमा उभ्याउन निम्न सुझाव गरिएको छ ।

**जलवायु परिवर्तन नीतिहरू, रणनीतिहरू तथा मार्गदर्शनहरूका मुख्य प्रावधानहरूलाई केन्द्र, प्रदेश, तथा स्थानीय सरकारद्वारा गरिने योजना तर्जुमाका लागि रूपान्तरित गरी समावेश गर्न केन्द्रीय सरकार (जनसंख्या तथा वातावरण मन्त्रालय) बाट आवश्यक खाका उपलब्ध गराउनु आवश्यक छ ।**

स्थानीय तहको बजेट एवं योजना तर्जुमा गर्दा स्थानीय स्तरको जलवायु परिवर्तनसम्बन्धी प्रभावको मूल्याङ्कन गर्ने तथा त्यस्ता विषयलाई जगैदेखि तयार गरीने योजनाका मुख्य मुख्य चरणहरूमा कसरी एकीकृत गराउने भन्ने बारेमा स्थानीय सरकारहरूको प्रयाजनका लागि विषयगत मन्त्रालयहरूद्वारा सुझावका रूपमा दिइनुपर्छ । त्यसैले

**विषयगत मन्त्रालयहरूले आ-आफ्नो सरोकारको क्षेत्रलाई नकारात्मक असर पुऱ्याउन सक्ने जलवायु परिवर्तनको प्रभाव तथा जोखिमको मूल्याङ्कन गर्न जलवायु परिवर्तनसम्बन्धी मूल्याङ्कन मापदण्ड तयार गर्नुपर्छ र जलवायु परिवर्तनको विषयलाई स्थानीय योजना तथा बजेट निर्माण प्रक्रियामा एकीकृत गर्न उक्त मूल्याङ्कन मापदण्डलाई योजना तथा बजेट तर्जुमाको मार्गदर्शनका रूपमा स्थानीय सरकारहरूलाई उपलब्ध गराउनुपर्छ ।**

स्थानीय तहका कतिपय क्षेत्रगत लक्षहरू एक आपसमा परिपूरकको रूपमा रहने गर्छन् । बर्दियामा देखा परेको फट्यांग्राको प्रकोप तथा धादिङमा भएको झुसिलकिराको प्रकोप जस्ता कीराहरूले त्यहाँका कृषिलाई बढ्दो प्रभाव पारेको छ । प्रकोप नियन्त्रणका लागि उपलब्ध बजेट न्यून रहेको छ जबकि, कृषि उत्पादन वृद्धिकै लागि ती दुवै जिल्लामा सिँचाइमा धेरै गुणा बढी बजेट विनियोजन

गरी खर्च गरिएको देखिन्छ । जबसम्म कृषि क्षेत्रमा कीरा नियन्त्रण वा जलवायु परिवर्तनका अन्य प्रभावलाई ध्यान पुऱ्याइँदैन, तबसम्म ठूलो लगानीमा बनाइने सिँचाइको सुविधाले मात्रै जलवायु अनुकूलित कृषिको प्राप्ति हुन सक्दैन ।

साविकका स्थानीय योजनाहरूको राम्रो पक्ष के थियो भने जिल्लामा कार्यरत निक्षपित तथा केन्द्रबाट व्यवस्थित दुवै खालका सरकारी निकायहरूले जलवायु परिवर्तनसम्बन्धी कार्यमा बजेट खर्च गर्ने गरेका थिए । स्थानीय तहको जलवायु परिवर्तनका मुद्दालाई सम्बोधन गर्ने कुरा मूलरूपमा स्थानीय नेतृत्व एवं मन्त्रालयको नीतिगत प्राथमिकता समेतमा भर पर्ने हुँदा जलवायु परिवर्तनको विषयलाई प्रभावकारी रूपमा सम्वोधन गर्न विभिन्न निकायबाट गरिने प्रयासलाई स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियामा नै मूल प्रवाहीकरण गरिनुपर्छ ।

स्थानीय प्रयासलाई मूल प्रवाहीकरण गर्ने तथा परिपूरक क्रियाकलापहरूलाई एकीकृत गर्ने क्षेत्रहरू पहिल्याउने कार्यमा स्थानीय योजना निर्माण प्रक्रियाले मुख्य भूमिका खेल्छ । जलवायु परिवर्तनको विषयलाई स्थानीय योजनामा समाहित गराउने उद्देश्यसहित स्थानीय अनुकूलन कार्य योजना (लापा)को कार्यान्वयन गरिएको थियो तर यसलाई जलवायु परिवर्तनको विषयलाई स्थानीय योजनामा समावेश गर्ने प्रक्रियामा सघाउनेभन्दा पनि अन्य विकास आयोजना जस्तै छुट्टै परियोजनाका रूपमा हेरियो र खास चुनिएका गाविस बाहेक अन्य गाविसमा वा समग्र जिल्लाको योजना तर्जुमा गर्दा लापाको खाकालाई प्रयोगमा ल्याइएन । लापाको खाकाले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम तथा बहुक्षेत्रीय वन परियोजना जस्ता दातृसंस्थाले सहयोग गरेका खास केही परियोजना बाहेक सरकारको आफ्नै स्रोत साधन र बजेटबाट सञ्चालन हुने अन्य स्थानीय योजनाको तर्जुमा प्रक्रियामा जलवायु परिवर्तनको विषयलाई समाहित गराउन सकेको देखिएन ।

सरकारको आफ्नै पहलमा तयार गरिएको वातावरण मैत्री स्थानीय शासनको प्रारूपले जलवायु र वातावरणसम्बन्धी कार्यमा भएका स्थानीय प्रयासलाई समन्वय गर्न सहयोग पुऱ्याउने खाकाको रूपमा ग्रहण गरिएको छ । यो प्रारूपलाई स्थानीय योजनामा जलवायु परिवर्तनसम्बन्धी चुनौतीलाई सम्बोधन गर्न आवश्यक समन्वय कायम गर्ने प्रारूपको रूपमा उपयोग गर्नु जरुरी छ ।

**सबै सम्बन्धित निकायहरूलाई एकै ठाउँमा ल्याई स्थानीय योजनाहरूमा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई एकीकृत गर्ने कार्यको सुरुवातका लागि वातावरण मैत्री स्थानीय शासन समन्वय समितिलाई सक्रिय गराउनुपर्छ । वातावरण मैत्री स्थानीय शासनलाई स्थानीय तहको बजेट तथा योजना तर्जुमा प्रक्रियालाई मार्गदर्शन गर्ने कानुनी व्यवस्थाका सबै प्रावधान एवं चरण तथा अन्य क्षेत्रगत नीतिहरूसँग आवद्ध गरिनुपर्छ ।**

जलवायु परिवर्तनसम्बन्धी कुल खर्चको ८० प्रतिशत स्थानीय स्तरमा खर्च गर्नुपर्ने जलवायु परिवर्तन नीतिको लक्षको बारेमा स्पष्टता भएको पाइँदैन । उक्त प्रावधान केवल दाताको सहयोग प्राप्त परियोजनाहरूमा मात्र लागू हुने हो र आन्तरिक स्रोतबाट सञ्चालित जलवायु परिवर्तनसम्बन्धी परियोजनाहरूमा लागू हुँदैन भन्ने अर्थमा बुझ्ने गरिएको छ । यदि ८० प्रतिशत खर्चसम्बन्धी उक्त

प्रावधान आन्तरिक स्रोतबाट सञ्चालित जलवायु परिवर्तनसम्बन्धी परियोजनाहरूमा पनि लागू होस् भन्ने लक्ष्य हो भने यस नीतिले स्थानीय सरकारहरूलाई जलवायु परिवर्तनसम्बन्धी परियोजनाहरू कार्यान्वयन गर्न केन्द्रबाट थप साधन स्रोतको मागका लागि औचित्य सावित गर्ने थप आधार प्रदान गर्छ ।

**८० प्रतिशतको नीतिगत प्रावधान आन्तरिक स्रोतकोहकमा लागू हुने हो होइन भन्ने वियललाई जनसंख्या तथा वातावरण मन्त्रालयले प्रष्ट पार्नुपर्छ र सो व्याख्या अर्थ मन्त्रालयको बजेट तर्जुमा दिग्दर्शनमा एवं राष्ट्रिय योजना आयोगको योजना तर्जुमा मार्गदर्शनमा समेत उल्लेख हुनु आवश्यक छ ।**

पेरिस सम्झौता पछि नेपालले जलवायु परिवर्तनको प्रभाव न्यून गर्ने आफ्नो राष्ट्रिय प्रतिबद्धता राष्ट्रिय रूपमा निर्धारित योगदानमा जाहेर गरेको छ । जलवायु अनुकूलन कायम गर्नु नेपालको प्राथमिकता हो । बाली पाक्ने समय छोटो हुनु, कतिपय प्रजातिका बिरुवाहरू फस्टाउने क्षेत्र, तलबाट माथिल्लो उचाइतिर सर्नुजस्ता घटना जलवायु परिवर्तनको प्रभावसँग मिल्ने खालका उदाहरणहरू हुन् । यस्ता प्रभावहरूले चित्र १ मा देखाइए जस्तै एक खाले हावापानी रहेको क्षेत्र क्रमशः अर्को खाले हावापानी भएको क्षेत्रमा रूपान्तरित हुँदै गएको देखाउँछ । जलवायु परिवर्तनको त्यस्ता प्रभाव देखा पर्न लाग्ने समयभन्दा सम्बन्धित निकायहरूले यस्ता प्रभावबारे प्रमाणिक रूपमा जानकारी लिने तथा त्यसको निराकरणका लागि अवलम्बन गरिने उपायहरूको निर्क्योल गर्न लाग्ने अवधि सामान्यतया लामो हुन्छ । स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई दिशानिर्देश गर्न उपयुक्त निकायको अभाव भएकाले जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने स्थानीय निकाय एवं गैरसरकारी संस्थाहरूकाबीच समन्वय, आपसी छलफल तथा संयुक्त रूपमा योजना तर्जुमा गर्ने पद्धतिको विकास गर्नु आवश्यक छ । जसका लागि स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी विषयमा मात्र केन्द्रित रहेर कार्य गर्ने एकाइ हुनु अत्यन्त जरुरी छ, जुन एकाइको जलवायु परिवर्तनले स्थानीय तहमा परेको प्रभाव सम्बन्धमा उपलब्ध जानकारीमा पहुँच हुनुका साथै यसले स्थानीय योजनामा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम एकीकृत गर्न आवश्यक सल्लाह सुझाव दिन सक्ने हुनुपर्छ । यो सबै कार्यका लागि विगतमा जिल्ला ऊर्जा वातावरण एवं जलवायु परिवर्तन शाखाको स्थापना भएको थियो । तसर्थ जलवायु परिवर्तनसम्बन्धी कार्य गर्ने सबै संस्थाहरूको कार्यक्रमहरूलाई समन्वय गर्ने त्यही प्रकृतिको संस्थाको विकास गर्नु वान्छनीय हुन्छ ।

**स्थानीय सरकारले साविक ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन शाखाकै प्रकृतिको शाखा निर्माण गरी त्यसमा वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी विज्ञता भएका कर्मचारीसमेत थपी जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई दिशानिर्देश गर्ने विषयमा केन्द्रित रहेर कार्य गर्ने शाखाको रूपमा स्थापना गर्नुपर्छ ।**

## ४.२ सुशासन तथा योजना तर्जुमा प्रक्रिया सम्बन्धी निष्कर्ष र सुझाव

समुदायहरूले खानेपानी, सिँचाइ, बाढी नियन्त्रण जस्ता विभिन्न परियोजनाका लागि अनुरोध गर्ने चलन छ । स्थानीय नेतृत्वतहमा जलवायु परिवर्तन अनुकूलनको महत्वको विषयमा पर्याप्त ज्ञान

तथा सचेतनाको अभाव भएको अवस्थामा प्रायः जसो गरिब तथा जलवायु परिवर्तनको प्रतिकूल प्रभावको जोखिममा रहेका समुदायको आवश्यकता पूरा गर्ने योजनाभन्दा धेरै बजेट खर्च हुने भौतिक पूर्वाधारका कार्यक्रमहरूमा बढी माग आउने सम्भावना रहन्छ, जुन अनुकूलनका लागि सहयोगि नहुन सक्छ । उदयपुर जिल्लामा सञ्चालित वातावरण मैत्री स्थानीय शासन परियोजनाको अनुभवले के देखायो भने जिल्लामा जलवायु पविर्तन तथा वातावरणसम्बन्धी विज्ञ व्यक्तिको थप उपलब्धताले योजनामा जलवायु परिवर्तनसम्बन्धी चासोलाई एकीकृत गर्न मद्दत पुऱ्याएको थियो ।

**स्थानीय समुदायको जीविकोपार्जनका लागि अति आवश्यक साधन र स्रोतहरूलाई जलवायु परिवर्तनले पार्ने अल्पकालीन एवं दीर्घकालीन प्रभावका बारेमा स्थानीय समुदाय एवं अगुवा नेताहरूको बुझाइएको स्तर अभिवृद्धि गर्न सक्रिय रूपमा संलग्न हुनसक्ने गरी ऊर्जा, वातावरण तथा जलवायु परिवर्तन शाखालाई क्रियाशिल बनाउनुपर्छ ।**

पहिरो नियन्त्रण, खोला किनार संरक्षण, साना सिँचाइ जस्ता कार्यक्रमहरू विभिन्न कार्यालयहरूले सञ्चालन गर्दै आएका थिए । खुसीको कुरो के हो भने साविक जिविसले पनि यस्ता कार्यक्रममा सहयोग गरेका थिए तर कार्यालयहरूको आ-आफ्नो तालुक मन्त्रालयप्रतिको जवाफदेहिताको कारण र सोबमोजिम बजेट तर्जुमा, कार्यान्वयन, एवं प्रगति विवरण पठाउने विषयमा आफ्नो क्षेत्रगत कार्यादेश, प्राथमिकताहरू, लक्ष्यहरू एवं छनोटअन्तर्गत गर्नुपर्ने हुँदा जिल्लाभित्र विकसित समन्वयात्मक कार्यहरूमा कहिलेकाहीँ व्यवधान सिर्जना हुने गरेको थियो । स्थानीय सरकारको गठन भएको नयाँ व्यवस्थामा यस्तो व्यवधानलाई सामना गर्न निम्नबमोजिम गर्नु बान्छनीय हुन्छ ।

**क्षेत्रगत विकास कार्यबीच समन्वय कायम गर्न प्रत्येक क्षेत्रले आ-आफ्नो प्रस्तावित विकास कार्यमा जलवायु परिवर्तनसम्बन्धी विश्लेषण समेतलाई समेटी सोको आधारमा स्थानीय तहको योजना तथा बजेट तर्जुमा गर्नुपर्छ ।**

जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमको सन्दर्भमा कृषि र सिँचाइ कार्यहरूबीच उपयुक्त तालमेल मिलाउनु जरुरी छ । किनकि यी दुवै कार्यहरू कृषि उत्पादकत्व बढाउने एवं मनसुनी वर्षाको विविधता अनुकूलित हुने उद्देश्यका लागि कार्यान्वयन गरिन्छन् । विगतमा स्थानीय वार्षिक योजनामा समावेश गरिएका सिँचाइसम्बन्धी योजनाहरू कहिलेकाहीँ जिल्लास्थित डिभिजन सिँचाइ कार्यालय एवं स्थानीय समुदायको जानकारी बिना नै स्वीकृतिको क्रममा केन्द्रीय वा क्षेत्रीय तहबाट परिवर्तन गरिँदा जलवायु पविर्तनको प्रतिकूल प्रभावलाई न्यून गर्ने स्थानीय आवश्यकता पूरा गर्ने कार्यमा बाधा पुग्ने गरेका उदाहरणहरू छन् । अछाम र उदयपुर जिल्लामा यसरी परिवर्तन गरिएका योजनाले समस्या भएको थियो । परिणामतः स्थानीय प्रयास एवं अग्रसरतालाई सहयोग पुऱ्याउने कार्यमा जोखिममा रहेका स्थानीय गरिब समुदाय एवं क्षेत्रगत सरकारी निकायहरूबीचको अन्तरक्रिया हुने सम्पूर्ण प्रक्रिया नै असन्दर्भिक हुन पुग्दथ्यो । प्रतिकूल प्रभावसँग अनुकूलन कायम गर्न सहयोग पुऱ्याइ रहेका उदयपुर जिल्ला स्थित डिभिजन सिंचाइ कार्यालय तथा अछाम जिल्लाको खानेपानी तथा सरसफाइ डिभिजन कार्यलयबाट प्रस्तावित योजनामा माथिल्लो तहबाट पटक-पटक हेरफेर गरिएकाले स्थानीय प्रयास असान्दर्भिक बनेका थिए ।

यसको विपरीत, जिल्ला भू-संरक्षण कार्यालय तथा जिल्ला वन कार्यालयद्वारा तयार गरिने जिल्लास्तरीय योजनामा माथिल्लो अधिकारीहरूबाट हुने हस्तक्षेप ज्यादै न्यून हुने गरेकाले ती निकायहरूले समुदाय तथा जिल्ला विकास समितिबाट प्राप्त अधिकांश अनुरोधमा केन्द्रित रहेर योजनाहरू समावेश गरेका थिए। फलतः केन्द्रीय तहमा स्थानीय अवस्थाको बारेमा पूर्ण जानकारी हुने एवं स्थानीय तहका समस्याहरूलाई सम्बोधन गर्न बल पुऱ्याउने गरी मन्त्रालयबाट योजना तर्जुमा प्रक्रिया अघि बढाउन मद्दतसमेत पुगेको देखिन्छ। म्याग्दी जिल्लाका जिल्ला भू-संरक्षण अधिकारीको नेतृत्वमा जिल्लाका प्रशासकहरू एवं राजनीतिक नेतृत्वहरूलाई परिचालन गरी सन् २०१५ मे मा गएको ठूलो पहिरोले पुरिनु पूर्व नै २५ परिवारलाई उद्धार गरिएको थियो। यसले आवश्यक समयमा उपयुक्त कार्य गर्ने विषयमा सुनिश्चितता प्रदान गर्ने कुरामा हुने स्थानीय संलग्नता कति महत्वपूर्ण छ भन्ने दर्शाउँछ। तसर्थः

**स्थानीय सरकारहरूले स्थानीय तहको योजना तथा बजेट निर्माण गर्दा विभिन्न क्षेत्रगत कार्यहरूबाट अपेक्षित प्रतिफल तथा परिणामले एक अर्का क्षेत्रमा पार्ने प्रभावलाई क्षेत्रगत निकाय वा निर्णयकर्ताहरूले समेत विश्लेषण एवं आत्मसात गर्ने वातावरणको सुनिश्चितता प्रदान गर्नुपर्छ।**

## ४.३ बजेट विनियोजन, खर्च तथा फाटवारी विषयक निष्कर्ष र सुझाव

बजेट विनियोजन तथा खर्चको फाँटबारी जिल्ला कोष तथा लेखा नियन्त्रण कार्यालयमा उपलब्ध हुन्थ्यो भने जिविसको आन्तरिक स्रोत, राजस्व बाँडफाँडबाट प्राप्त एवं वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट जिल्ला ऊर्जा वातावरण तथा जलवायु परिवर्तन शाखालाई प्राप्त हुने सहयोग रकमको विवरण जिविसमा उपलब्ध हुन्थ्यो। गैरसरकारी संस्थाहरूले जिल्लामा जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा गर्ने खर्चको विवरण कुनै पनि सरकारी निकायहरूमा उपलब्ध थिएनन् किनकि उनीहरूले सार्वजनिक वित्त व्यवस्थापनको प्रक्रिया बाहिर रहेर आफ्नो कोष परिचालन गर्छन्। यसले के दर्शाउँछ भने जिल्लाको कुल बजेट तथा खर्चको एउटा ठूलो अंश सार्वजनिक वित्त प्रणालीले समेट्न सकेको छैन। गैरसरकारी तथा निजी संस्थाहरूबाट हुने जलवायु परिवर्तनसम्बन्धी खर्चको विवरण प्राप्त हुने व्यवस्थाले समग्र जलवायु वित्तको व्यवस्थापन तथा समन्वयमा सहयोग पुग्छ। तसर्थ

**निजी तथा गैरसरकारी संस्थाले जलवायु परिवर्तनसम्बन्धी कार्यमा गरेको खर्चको जानकारी उपलब्ध हुने व्यवस्था हुनु जरुरी छ। जसकालागि गैरसरकारी संस्थाको हकमा संस्था दर्ता नवीकरण गर्न प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनको ढाँचामा परिमार्जन गरी तिनले गरेको खर्चको विवरण प्राप्त हुने व्यवस्था गर्ने र निजी क्षेत्रका बारेमा क्रमशः जानकारी उपलब्ध गराउने उपायको खोजी गर्दै जाने।**

जलवायु परिवर्तनसम्बन्धी बजेट संकेतको प्रयोग गर्नेबारे स्थानीय तहमा तालीम दिइएको छैन। जलवायु परिवर्तको सान्दर्भिकताका आधारमा सम्बन्धित कार्यक्रम तथा बजेटलाई कार्यक्रम बजेटमा स्पष्ट संकेत गर्न सक्ने गरी दक्ष बनाउन स्थानीय तहमा जलवायु परिवर्तनसम्बन्धी बजेट संकेतबारे तालीमको व्यवस्था गर्नुपर्छ।

**स्थानीय तहमा काम गर्ने कर्मचारीहरूलाई योजना तथा बजेटमा जलवायु परिवर्तनको सान्दर्भिकताका आधारमा जलवायु बजेट संकेतको प्रयोगसम्बन्धी आवश्यक तालिम उपलब्ध गराउने व्यवस्था गर्नु आवश्यक छ।**

## ४.४ बहुविषयगत निष्कर्ष र सुझाव

विकासको बहसमा जलवायु परिवर्तन तुलनात्मक रूपमा नयाँ विषय हो । त्यसैले जलवायु परिवर्तनको आधारभूत विज्ञान तथा यसले विकास प्रक्रियामा कसरी प्रभाव पार्दछ भन्ने बारेमा स्थानीय तहमा क्षमता तथा विज्ञतामा अभिवृद्धि गर्नु जरुरी छ । यसो हुन सकेमा मात्र स्थानीय परिवेशको स्पष्ट विश्लेषण गरी जलवायु परिवर्तनबाट देखिएका वा देखिन सक्ने प्रतिकूल प्रभावसँग अनुकूलन हुन आवश्यक कार्यक्रमहरू पहिचानगरि तदअनुरूप दिगो विकासका लागि योजना तर्जुमा एवं कार्यान्वयन गर्न सकिन्छ। वन, भू-संरक्षण एवं खानेपानी तथा सरसफाइ जस्ता विषयमासंलग्न पदाधिकारीहरूमा जलवायु परिवर्तनसम्बन्धी जानकारी र विज्ञता भए पनि समग्रमा जलवायु परिवर्तनको विषयलाई विभिन्न क्षेत्रहरू तथा विषयगत क्षेत्रहरूमा एकीकृत गर्न सक्ने विज्ञता भने सीमित छ। विकासका विभिन्न क्षेत्रहरूसँग अन्तरसम्बन्धित ज्ञान तथा समझदारीलाई अभिवृद्धि गर्न केन्द्रीय तहको "अन्तर मन्त्रालय जलवायु परिवर्तनसम्बन्धी वित्तीय संरचना कार्यान्वयन समिति" को समन्वय एवं सहयोगमा विस्तृत जलवायु परिवर्तन क्षमता अभिवृद्धिको खाका तयार गर्नु जरुरी छ । साथै स्थानीय सरकारहरूको बजेट, योजना तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनको विषयलाई एकीकृत गर्न आवश्यक सहयोग पुऱ्याउन साधन र स्रोतको व्यवस्था हुनु जरुरी छ । स्थानीय तहमा समग्र क्षमता अभिवृद्धिका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

**क) जनसंख्या तथा वातावरण मन्त्रालयले विषयगत मन्त्रालयहरू एवं केन्दीय तथ्यांक विभागसँगको सहकार्यमा विभिन्न क्षेत्रहरूमा देखा परेको जलवायु परिवर्तनको प्रभावका बारेमा स्थानीय तहमा भएको ज्ञान तथा बुझाइलाई अभिलेखीकरण गर्ने।**

**ख) विषयगत मन्त्रालयहरूले जनसंख्या तथा वातावरण मन्त्रालयसँगको समन्वय र सहकार्यमा स्थानीय योजना निर्माणमा संलग्न हुने पदाधिकारीहरूको प्रयोजनका लागि जलवायु परिवर्तनको प्रभाव यकिन गरी अनुकूलन योजना तयार गर्न मार्गदर्शन उपलब्ध गराउने।**

**ग) योजना तर्जुमा प्रक्रियामा सहभागी हुने समुदायहरू एवं स्थानीय नेतृत्वलाई जलवायु परिवर्तनसम्बन्धी जानकारी प्रदान गर्न स्थानीय सरकारले जिल्ला ऊर्जा, वातावरण एवं जलवायु परिवर्तन शाखामार्फत क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।**

# सन्दर्भ सामग्री

CPEIR, 2011: Nepal Climate Public Expenditure and Institutional Review (CPEIR), Published by Government of Nepal, National Planning Commission with support from UNDP/UNEP/CDDE in Kathmandu, Nepal.

EFLG, 2013: Environment Friendly Local Governance Framework (2013) Approved by the Ministerial Council, Government of Nepal, Ministry of Federal Affairs and Local Development.

GoN, 2012: Local Body Resource Mobilization and Management Procedure. Ministry of Federal affaires and Local Devlopment (MOFALD).

LGPC, 2013: Developing criteria to track climate expenditure/budget allocation using budget code for local bodies in Nepal. A study conducted by Local Governance Promotion Center, in support through PEI program of UNDP/UNEP for NPC, (Unpublished report), Kathmandu.

LSGA, 1999: Local Self Governnace Act, His Majesty's Government, Ministry of Law and Justice, Law Books Management Board, 1999.

MoF, 2012: Estimate of Expenditure for Fiscal Year 2012/13, Government of Nepal, Ministry of Finance, Singhadarbar, Kathmandu (Red Book).

MoF, 2013: Estimate of Expenditure for Fiscal Year 2013/14, Government of Nepal, Ministry of Finance, Singhadarbar, Kathmandu (Red Book).

MoF, 2014: Estimate of Expenditure for Fiscal Year 2014/15, Government of Nepal, Ministry of Finance, Singhadarbar, Kathmandu (Red Book).

MoFd, 2015: Estimate of Expenditure for Fiscal Year 2015/16, Government of Nepal, Ministry of Finance, Singhadarbar, Kathmandu (Red Book).

NAPA, 2010: National Adaptation Program of Action to Climate Change Kathmandu, Ministry of Population and Environment, Nepal.

NPC, 2011: The future for Climate Finance in Nepal, National Planning Commission, UNDP, UNEP, Capacity Development for Development Effectiveness Facility for Asia Facific, Kathmandu

NPC, 2012a: CC Budget Code: Documenting the national process of arriving at multi-sectoral consensus, Government of Nepal, National Planning Commission.

NPC, 2012b: CC Budget Code: Documenting the national process of arriving at multi-sectoral consensus, Government of Nepal, National Planning Commission.

NPC, 2013: CC Budget Code, Application Review, Published by Government of Nepal, National Planning Commission with support from UNDP/UNEP in Kathmandu, Nepal in November, 2013.

UNDP, 2015: A Methodological Guidebook: Climate Public Expenditure and Institutional Review (CPEIR), United Nations Development Program, Bangkok Regional Hub.

नेपाल सरकार
**संघीय मामिला तथा**
**स्थानीय विकास मन्त्रालय**